www.newsok.com.np @newsok.com.np @newsok_bhw

सम्बृद्ध नेपाल, तपाईंको समाचार, तपाईंको पत्रिका

# न्यूज ओके

NEWS OK NATIONAL WEEKLY




वर्ष-१, अंक-९ | सिद्धार्थनगर, भैरहवा | २०७३ भदौ ३० गते बिहीबार (15 Sept, 2016 Thursday) | पृष्ठ-८ | मूल्य : निःशुल्क




बालदिवसमा विभिन्न कार्यक्रम — विविध समाचार २


सबैलाई समेटेर अगाडि बढ्छु: साट्रा अध्यक्ष — अर्थान्तर ३


शेयर बजार सच्चियो — बैंक वित्त/सहकारी/बजार ६


Accessories for men — *English Page* ७


# सेजमा विद्युत् कहिले ?




**मनोरञ्जन शर्मा**
भैरहवा ।

बहुप्रतिक्षित पाइलट परियोजनाका रूपमा सरकारले अघि २०५८ सालबाट अघि बढाएको विशेष आर्थिक क्षेत्र को डेढ दर्शक पुग्न लाग्दा बल्ल ऐन आयो । ऐन अभावमा उद्योग स्थापनामा ढिलाई भन्दै उद्योगी व्यवसायीहरूले बारम्बार सरकारको तीब्र आलोचना गर्दै आएका थिए ।

भैरहवा सेजमा पूर्वाधारहरू निर्माण भयो, उद्योग स्थापनाका लागि प्लटहरू निर्माण भए, खानेपानी, ढल निकास सबै बन्यो । विद्युतीकरणका लागि लाइनहरू तानियो । प्रशासनिक भवन, सेवा भवन को अपरझट उद्घाटन २०७१ मंसिरमा तत्कालिन गृहमन्त्री बामदेव गौतम र उद्योग मन्त्री महेश बस्नेतले संयुक्त रूपमा उद्घाटन समेत गरे । तर त्यति बेला सम्म पनि कोही कसैले विद्युत् कहाँबाट ल्याउने, कसरी ल्याउने खासै ध्यान दिएनन् । ध्यान सबैको सेज सञ्चालनमा मात्र गयो र खाली त्यसका लागि पहल मात्र हुन पुग्यो ।

अहिले सेज ऐन आएको छ । सेज भित्र उद्योग स्थापनाका लागि आवेदन दिने २३ मध्ये १२ उद्योगले आर्थिक क्षेत्र विकास समितिसँग उद्योग सञ्चालनका लागि समझदारी गरी अन्तिम सम्झौता गर्ने तयारी गरिरहेका छन् । तर सेज भित्र सञ्चालन हुने उद्योगका लागि वितरण गर्न विद्युत् कहाँबाट ल्याउने हो र कति समय भित्र आउने हो, कसैले बताउन सकेका छैनन् ।

नेपाल विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रका प्रमुख तथा इन्जिनियर मुनिन्द्र ठाकुर भन्छन्- 'अहिलेकै अवस्थामा सेजलाई विद्युत् उपलब्ध गराउन सकिँदैन्, कम्तिमा पनि दुई वर्ष लाग्छ, मैनहिया सबस्टेशन नबने सम्म विद्युत् दिन सकिँदैन, सबस्टेशनका लागि जग्गा अधिग्रहण भइसक्यो अब बाँकी काम गर्न कम्तिमा पनि दुई वर्षको अवधी

(बाँकी २ पेजमा)

## 'दुई वर्षसम्म दिनै सक्दैनौं'



**ई.मुनिन्द्र ठाकुर**
**कार्यालय प्रमुख, भैरहवा वितरण केन्द्र**

अहिलेकै अवस्थामा सेजलाई विद्युत् उपलब्ध गराउन सकिँदैन्, कम्तिमा पनि दुई वर्ष लाग्छ, मैनहिया सबस्टेशन नबनेसम्म विद्युत् दिन सकिँदैन, सबस्टेशनका लागि जग्गा अधिग्रहण भइसक्यो अब बाँकी काम गर्न कम्तिमा पनि दुई वर्षको अवधी लाग्छ ।

## 'सरकारले वैकल्पिक व्यवस्था गर्नुपर्छ'



**राजेश कुमार अग्रवाल**
**(उद्योगी)**

तत्कालिन समयमा २०५८ सालमा सेजको घोषणा भए लगत्तै उद्योग स्थापना दर्ताका लागि दरखास्त हाल्ने पहिलो व्यक्ति म नै हु । धेरै वर्ष कुरियो तर सेजको टुंगो लागेन । दुई वर्ष अघि सेजको प्रशासनिक भवन र सेवा कार्यालयको स्थापना भयो । कार्यालय उद्घाटन पछि केही आशा पलाएको थियो तर तत्काल उद्योग स्थापना हुने केही छाँट देखिएन । ऐनको कुनै टुंगो देखिएन । तर पछि कार्यविधी ल्याइयो तर कार्यविधीमा फेरी गम्भीर त्रुटीहरू देखियो । सेज भित्र स्थापना हुने उद्योगको लागि चाहिने भाडा दर अत्यधिक कायम गरियो । यसको सर्वत्र बिरोध र टिका टिप्पडी सँगै घटाउनु पर्ने माग भए पछि कार्यविधी पुन संशोधन भयो । पछि त्यही कार्यविधीमा टेकेर उद्योग स्थापनाका लागि प्रस्ताव आब्हान भयो । हामी सबैले प्रस्ताव हाल्यौ । मैले नै ३ वटा उद्योग स्थापनाका लागि सबै प्रकृया पुरा गरी दरखास्त गरी समझदारी पत्रमा हस्ताक्षर पनि गरी सक्यौ र अब संझौताको तयारीमा छौ ।

तर अब टड्कारो रूपमा विद्युत्को समस्या देखियो । सेज व्यवस्थापन समितिले सम्झौता गरेकै दिन देखि त्यहाँ भाडा लागु गरिहाल्छ । तर अब हामी विद्युत् व्यवस्थापन नभए सम्म सम्झौता गर्ने पक्षमा छैनौ । उद्योग स्थापनाका लागि निर्माण गरिने पूर्वाधारका लागि पनि त विद्युत् त चाहियो नि । अब सरकारले विद्युत्को बिकल्प खोज्न सकेन भने सेज सञ्चालनमा आउन गाह्रो देखिएको छ । त्यसैले अब सरकारले कसरी हुन्छ, विद्युत्को व्यवस्था गर्नैपर्छ, हामीले उद्योगको पूर्वाधार त ६ महिनामै तयार गर्छौं, बाँकी काम अब सरकारको हो ।

सरकारका सामु सब स्टेशन छिटो निर्माण गरी विद्युतीकरण गर्ने योजना त छदैछ तर सब स्टेशन सुरू हुन कम्तिमा २ वर्ष लाग्ने जानकारी आए पछि अब अन्य विकल्प खोज्नुपर्छ । अबको विकल्प भनेको सरकारले आफै फर्निस आयल (एफओ) मार्फत विद्युत् उत्पादन गर्नुपर्छ यात सरकारले नसक्ने भए कुनै निजी क्षेत्रलाई फर्निश आयल मार्फत विद्युत् उत्पादन गर्ने जिम्मेवारी दिइनुपर्छ । फर्निश आयल बाट

(बाँकी २ पेजमा)

# सिद्धार्थ यातायातको पर्यटक लक्षित योजना

## बुद्ध सर्किटको हाफ प्याकेज ५५० रुपैयाँमा

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

सिद्धार्थनगर (भैरहवा)लाई आधार मानेर सार्वजनिक यातायात सञ्चालन गर्दै आइरहेको सिद्धार्थ यातायात बस व्यवसायी समितिले पहिलो चरणमा बुद्ध सर्किटको हाफ प्याकेज सञ्चालनमा ल्याएको छ ।

गत शनिबारबाट सुरू गरेको प्याकेज हालका लागि साप्ताहिक रूपमा शनिबार सञ्चालन गर्ने गरी सुरूवात गरिएको समितिका अध्यक्ष सूर्य कुमार सारू मगरले बताए । हरेक शनिबार बिहान भैरहवा बुद्धचोकबाट सुरू हुने बुद्ध सर्किट कार्यक्रम अन्तर्गत लुम्बिनी, तौलिहवा, कुदान, निग्लिहवा, जगदिसपुरताल, जितगढी बुटवल, (अस्ट्रिज फार्म) मधवलिया हुँदै बुद्धचोक भैरहवामा पुगेर टुंगिने सारू मगरले जानकारी दिए ।

तोकिएको क्षेत्र घुमाउनका लागि समितिले ३५ सिटको डिलक्स बस सञ्चालनमा ल्याएको छ । भ्रमण प्याकेजका लागि प्रतिव्यक्ति ५ सय ५० रूपैयाँ भाडा कायम गरिएको छ । प्रथम चरणको लुम्बिनी र कपिलबस्तुका बुद्धिष्ट साईट राखिएको छ, बिस्तारै अन्य बुद्धिष्ट साईट देवदह, भवानीपुर र नवलपरासी (रामग्राम)लाई समेत समेटेर पुर्ण प्याकेज सञ्चालनमा ल्याउछौं , अध्यक्ष सारूले भने ।

यो भ्रमण प्याकेजको शनिवार रूपन्देहीका प्रमुख जिल्ला अधीकारी बिष्णु प्रसाद ढकालले सुभारम्भ गर्दै पर्यटकहरूलाई थप सहयोग पुग्ने र एक्लै जान नसक्ने पर्यटकहरू लाभान्वित हुने बताउँदै यसलाई निरन्तरता दिन समेत आग्रह गरे ।



आन्तरिक तथा बाह्य पर्यटकलाई लुम्बिनी र बुद्धसँग जोडिएका क्षेत्रहरूको भ्रमण गराउने उदेश्यले र एक्लै सबै स्थानमा भैमण गर्न जादा महगो पर्ने र समय पनि नमिल्ने भएकाले साप्ताहिक रूपमै भए पनि यो भ्रमण प्याकेज सिद्धार्थ यातायात व्यवसायी समितिले प्रारम्भ

(बाँकी ५ पेजमा)

### साताभरीको सुनचाँदीको मूल्य

रुपन्देही

| बार/गते | सुन | चाँदी |
| --- | --- | --- |
| बिहि, भदौ २३ गते | ५९,६०० ।- | ९२० ।- |
| शुक्र, भदौ २४ गते | ५९,४०० ।- | ९१० ।- |
| शनि, भदौ २५ गते | ५९,४०० ।- | ९१० ।- |
| आइत, भदौ २६ गते | ५९,२०० ।- | ८९५ ।- |
| सोम, भदौ २७ गते | ५९,२०० ।- | ८९० ।- |
| मंगल, भदौ २८ गते | ५९,३०० ।- | ९०० ।- |
| बुध, भदौ २९ गते | ५९,००० ।- | ८९० ।- |

मूल्य/प्रति तोला (११.६६४ ग्राम=१ तोला)
सौजन्य: पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवा
फोन: ०७१-५२१२३३







**बचाऔं बाख्रा**

*पि.पि.आर. रोग लागेका बाख्राको आँखा, नाक, मुख मनतातो पानीमा सफा कपास भिजाई दिनमा दुई पटक सफा गर्नु पर्दछ। साथै पाँच प्रतिशत बोरो ग्लिसिरिनले मुख सफा गर्नु लाभदायिक हुन्छ।*






२६ औं राष्ट्रिय बालदिवशको अवसरमा एसओएस बालग्राम लुम्बिनी (भैरहवा) मा आयोजित कार्यक्रममा एक बालिकालाई पुरस्कृत गर्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकाल र एसओएसका योजना निर्देशक विजय राणा। *तस्वीर: न्यूज ओके*

# एसओएस बालग्राम लुम्बिनीमा बाल दिवस

***न्युज ओके रिपोर्टर***

भैरहवा।

२६औं राष्ट्रिय बाल दिवस भैरहवामा पनि विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ। दिवसको अवसरमा जिल्ला बाल कल्याण रूपन्देही तथा एसओएस बालग्राम लुम्बिनीको संयुक्त आयोजना विविध कार्यक्रम सम्पन्न भएको छ।

सो अवसरमा बाल दिवसका अवसर पारी आयोजित विभिन्न कार्यक्रममा विजयी हुनेहरूलाई प्रमुख अतिथि रूपन्देहीका प्रमुख जिल्ला अधिकारी बिष्णु प्रसाद ढकाल, विशिष्ट अतिथि महिला विकास अधिकृत उषा रावल, एसओएस बालग्राम लुम्बिनीका योजना निर्देशक विजय जंग राणा लगायतले पुरस्कार तथा ट्रफीहरू प्रदान गरेका थिए। सो अवसरमा लुम्बिनी बाल क्लबका अध्यक्ष विकल्प शाहीको पनि उपस्थिति थियो।

एसओएस बालग्राम लुम्बिनीका छोरा हिरामणीले स्वागत् मन्तव्य राख्दै आफुहरू बालग्राम भित्र सुरक्षित र खुशी रहेको उल्लेख गर्दै ऊ जस्तै अरू बालबालिकाहरूले पनि बाल अधिकार पाउनु पर्ने मा जोड दिएका थिए।

बालदिवसका अवसरमा एसओएस बालग्राम लुम्बिनीमा सञ्चालित FBC (Family Based Care)/FSP (Family Strethenening Program) गरि दुईवटा कार्यकमहरूका ३०२ बालबालिकाहरूको लागि तिन दिवसीय कार्यकम आयोजना गरिएको थियो। जसमा चित्रकला प्रतियोगिता, हस्त लेखन प्रतियोगिता तथा निबन्ध प्रतियोगिता संचालन गरिएको थियो।

FSP का अरू ३ जना बालबालिकाहरूलाई विद्यालयमा उत्कृष्ट नतिजा ल्याएकोले तथा १ जना लाई शतप्रतिशत हाजिरी जनाएकोले उनीहरूको कदर गर्दै प्रमुख जिल्ला अधिकारीद्वारा पुरस्कार तथा कदरपत्र बाट सम्मानित गरिएको थियो।

एसओएस बालग्राम लुम्बिनीले समुदायमा रहेका चारवटा सरकारी विद्यालयहरू श्री नवदुर्गा निम्न मा.वि. दोगहरा, श्री सूर्यदेव निम्न मा.वि., दोगहरी, श्री महात्मा बुद्ध माध्यमिक विद्यालय, पिपरहिया र श्री जनचेतना निम्न माध्यमिक विद्यालय, हाटीबनगाईका गरीब तथा जेहेन्दार विद्यार्थी पहिचान गरी छात्रवृत्ति स्वरूप झोला र शैक्षिक सामाग्री हरेक विद्यालयबाट आठ जना गरी कुल ३२ जनालाई कार्यक्रममा हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद ढकालले बालबालिकालाई शुभकामना दिंदै बालबालिकाको हितमा काम गर्न आफू सधैं तत्पर रहेको कुरा बताए। महिला विकास अधिकृत उषा रावलले जिल्ला महिला तथा बाल विकास कार्यालयले रूपन्देही जिल्लालाई नै बाल मैत्री बनाउने तर्फ आफूहरू लगि परेको बताइन्।

एसओएस बालग्राम लुम्बिनीका योजना निर्देशक विजय जंग राणाको सभापतित्वमा सम्पन कार्यक्रमको सञ्चालन बालग्रामकी सिनियर काउन्सिलर इन्द्रा कुँवरले गरेकी थिइन्। सो अवसरमा बालबालिकाहरूले विभिन्न सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए।

## सरकारले वैकल्पिक ...

उत्पादित विद्युत् सेज भित्रका उद्योगहरूलाई सरकारी प्रचलित दररेटमा दिइनु पर्छ, अबको बिकल्प भनेको यही नै हो। यो प्रकृया अलि महगो भए पनि सबैभन्दा उत्तम बिकल्प हो तत्कालका लागि सेज सञ्चालनमा ल्याउन। विद्युत् व्यवस्था २४ घन्टा सम्म नभए सेज सञ्चालनमा आउन सक्दैन्। विद्युत् भयो भने १ वर्ष भित्रै ग्यारेन्टीका साथ उत्पादन गर्छौं। मेरो ३ वटा उद्योग सञ्चालनका लागि मात्रै कम्तिमा २ मेघावाट विद्युत् चाहिन्छ। सरकारले चाहेमा यो बिकल्प तत्कालका लागि ल्याउन खासै कठिन छैन।

*(उद्योगी अग्रवालसँग गरिएको कुराकानीको आधारमा तयार गरिएको)*

## सेजमा विद्युत् ...

लाग्छ, इन्जिनियर ठाकुरले भने।

ठाकुरका अनुसार पनि सेज क्षेत्रलाई सामान्य उज्यालो पार्नका लागि अहिले विद्युत् ११ केबिको लाइनमा गइरहेको छ, तर उद्योग सञ्चालनका लागि भने दिन सक्ने अवस्थामा हामी छैनौं।

ठाकुरका अनुसार मैनहिया सब स्टेशन १३२ केबिको हुनेछ र यो छिटो भन्दा छिटो निर्माण सम्पन्न भई बितरण लाइन समेत बनाउँदा कम्तिमा दुई वर्ष लाग्ने हुन्छ। उता धकधई सब स्टेशनको टेन्डर भइसकेकोले उद्योगीहरू केही आशावादी छन्। तर विद्युत् प्राधिकरण भने धकधई सब स्टेशनमा कहाँबाट विद्युत् ल्याएर जोड्ने हो, उसैलाई थाहा छैन्। ठाकुरले बताए अनुसार जिल्लामा अहिले विद्युत्को अवस्था अति नै भताभुंग अवस्थामा रहेको छ।

धकधई र मैनहिया सब स्टेशनबाट छिटै विद्युत् आएर सेजमा जोडिन्छ, भन्नु अब सपना मात्रै रहयो। यथार्थमा आउनका लागि पनि इन्जिनियर ठाकुरका अनुसार २ वर्ष पर्खनै पर्छ। सेज ऐन, त्यहाँ स्थापना हुने उद्योगको टुंगो समेत लागि सक्दा अब प्रमुख समस्या विद्युत् देखा परेको छ। विद्युत् समस्यालाई यहाँका सबैले समयमै सोचेको भए यो समस्या आउने थिएन्।

इन्जिनियर ठाकुरले राजनैतिक दल, उद्योगी व्यवसायीहरूको इच्छा शक्ति भए ४ महिना भित्र विद्युत् ल्याउन सकिने सजिलो बिकल्प पनि दिएका छन्। बुटवलबाट भैरहवा सम्म नयाँ प्रशारण लाइन तान्नुपर्छ, अहिलेको प्रशारण लाइन धेरै ओभरलोड छ, त्यसबाट थप विद्युत् प्रवाह गर्न सकिँदैन तर नयाँ प्रशारण लाइन तान्न सकियो भने तत्कालका लागि समस्या हल हुन्छ। बुटवलबाट ल्याउन विद्युत्को समस्या होइन, विद्युतीकरणको समस्या हो, ठाकुर भन्छन्।

तर नयाँ प्रशारण लाइन ल्याउन त्यति सजिलो भने छैन, जनताको खेत खेतबाट लाइन तान्नुपर्ने भएकोले जनताले दिन्छन् या दिंदैनन् बुझ्न गाह्रो छ, यो सबै मिलाउने काम राजनैतिक दलहरू, व्यवसायी संघ संस्थाले सक्छन्, यो सम्भव भएमा मात्र सेज भित्र उद्योगका लागि विद्युत् उपलब्ध हुने सम्भावना बढ्छ, नत्र सेज विद्युत्को अभावमा अझै पछि पार्छ, यो भनेको नेपालको आर्थिक क्षेत्रका लागि गम्भीर धक्का हो। राज्यले यो विषयमा तत्काल ध्यान दिन जरूरी छ।

# एक हप्ता

### रूपन्देही क्याम्पसमा नेत्र शिविर

(न्यूज ओके रिपोर्टर), भैरहवा। रूपन्देही क्याम्पस सिद्धार्थनगरमा एक दिने निशु:ल्क नेत्र सिवीर सम्पन्न भएको छ। नेत्र शिविररमा लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान श्री रण अम्बिका शाहा आँखा अस्पतालले प्राविधीक सहयोग गरेको थियो।

सिवीरमा १ सय ११ जनाको नेत्र परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको थियो। जस मध्ये २० जनालाई नि:शुल्क औषधी वितरण गरिएको थियो। भने ४ जनालाई नि:शुल्क मोतीयाबिन्दु अपरेसनका लागि रण अम्बिका शाहा आँखा अस्पताल रिफर गरिएको क्याम्पसले जनाएको छ।

### धकधईमा मिलनको सह-प्रतिष्ठान

(न्यूज ओके रिपोर्टर), भैरहवा। विगत लामो समयदेखि बुटवल सुख्खानगरमा पेट्रोलियम पदार्थ बिक्री वितरण गर्दै आइरहेको मिलन ब्रदर्शले भैरहवा भूमही सडक खण्डको धकधईमा शाखा विस्तार गर्दै पेट्रोलियम पदार्थको बिक्री बितरण सुरू गरेको छ।

धकधई गाविस ९ मा मिलन ब्रदर्शको सह प्रतिष्ठानको रूपमा स्थापना गरिएको मिलन पेट्रोलियमको बिक्री शुभारम्भ पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष प्रेम न्यौपानेले गरे। अध्यक्ष न्यौपानेले अत्यावश्यकीय वस्तु पेट्रोलियम व्यवसाय सेवामुखी व्यवसाय भएपनि अर्को मुलुकबाट आयात गर्नुपर्ने हुँदा जुनसुकै बेला अभाव खड्किन सक्ने र जस्तो परिस्थितिमा पनि चौबिसै घण्टा खट्नु पर्ने भएकाले व्यवसाय चुनौती पुर्ण रहेको बताए।

मिलन ब्रदर्शका सञ्चालक हरिबहादुर कुवँरको अध्यक्षता र भरतजंग कुवँरको स्वागतमा भएको कार्यक्रममा नेपाल आयल निगम क्षेत्रीय कार्यालय भलवारीका उप प्रबन्धक गंगाप्रसाद तिवारी, पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनका वरिष्ठ उपाध्यक्ष अशोक गुरूङ्ग, पश्चिमाञ्चल ट्याँकर व्यवसायी संघका महासचिव भिष्मदेव भारी लगायतले ग्रामीण क्षेत्रमा खोलिएको पम्पले आम उपभोक्ता र किसानलाई केन्द्रमा राखेर व्यवसाय सञ्चालन गर्नुपर्ने बताएइ।

### उत्साहितको साधारण सभा

(न्यूज ओके रिपोर्टर), भैरहवा। उत्साहित बचत तथा ऋण सहकारी संस्था सिद्धार्थनगर को ७ औं वार्षिक साधारण सभा भैरहवामा सम्पन्न भएको छ। सभामा अध्यक्ष माधव कोइरालाले बार्षिक प्रतिवेदन तथा लेखा समिति संयोजक.मान बहादुर भण्डारीले आयव्यय विवरण सहित को आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। साधारण सभामा असल ऋणी सरिता पोखरेल, संस्थाका सदस्यहरूका छोराछोरी मध्ये एसएलसीमा उत्कृष्ट अकं ल्याउने रेखा पाण्डेलाई सम्मान गरिएको थियो।

२०६६ साल मा २९ जना शेयर सदस्यहरूबाट कारोबार सुरू गरेको यस सहकारीमा हाल १४१ जना शेयर सदस्य रहेका छन्।

### हिन्दु जागरण समिति गठन

(न्यूज ओके रिपोर्टर), भैरहवा। धर्म परिवर्तन बन्द गरौं र गराऔं अभियान सहीत हिन्दु जागरण नेपाल रूपन्देही कार्य समिति चयन भएको छ।

हिमलाल घिमिरेको अध्यक्षतामा बसेको सो भेलाले उमा ढकालको अध्यक्षतामा ११ सदस्यिय तदर्थ समिति चयन गरेको हो। जसको उपाध्यक्षमा सञ्जय श्रेष्ठ, सचिवमा नारायणप्रसाद कोइराला, कोषाध्यक्षमा सपना पोखरेल, सहसचिवमा रामसुमेर यादव, सदस्यमा जनक गौतम, पुस्कर ज्ञवाली, तिलक कंडेल, कमला पराजुली, भिमार्जुन पोखरेल, कमला काफ्ले चयन भएका छन्। हिन्दुत्वको संरक्षण तथा धर्म परिवर्तन विरूद्ध महाअभियान अन्तर्गत रूपन्देहीमा पनि शाखा गठन गरिएको समितिले जनाएको छ।

### वौद्धिक अपांगतामा केसी

(न्यूज ओके रिपोर्टर), भैरहवा। बौद्धिक अपांगता अभिभावक संघ रूपन्देहीको सातौं साधारण सभा तथा अधिवेशनले पुन: बाबुराम के.सी.लाई अध्यक्षमा चयन गरेको छ। त्यस्तै उपाध्यक्षमा हरिशंकर लालदाश, सचिवमा कमल प्रसाद खनाल र कोषाध्यक्षमा गिता खनाल चयन भएका छन्।

त्यसैगरी सदस्यहरूमा सन्तोष पन्थी, सुमी श्रेष्ठ, बसन्त अधिकारी, इन्द्र भट्टराई र सञ्जय के.सी. रहेका छन्।

### हिमाली सामुदायिकमा रक्तदान

(न्यूज ओके रिपोर्टर), भैरहवा। हिमाली सामुदायिक सेवा केन्द्र भैरहवाले आफ्नो १७ औं स्थापना दिवसको अवसर पारेर रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। सामुदायिक सेवा केन्दका अध्यक्ष सुरेन्द्रले ४१ जना व्यक्तिबाट उक्त रगत संकलन गरेको संस्थाका अध्यक्ष सुरेन्द्रजंग थापाले जानकारी दिए।

### रूपन्देही कांग्रेसमा अनुसासन समिति

(न्यूज ओके रिपोर्टर), भैरहवा। नेपाली कांग्रेस रूपन्देहीले अनुसासन समिति गठन गरेको छ। भैरहवा स्थित पार्टी कार्यालयमा गत बुधवार बसेको आठौं बैठकले सुनिल प्रसाद मरासिनीको सयोजकत्वमा ३ सदस्यिय अनुसासन समिति गठन गरेको हो।

समितिका सदस्यहरूमा माया गौतम र एकवाल खानँ रहेका छन्। कांग्रेसको नियमावली ६८ को ४३ कमा भएको व्यवस्था अनुसार अनुशासन समिति गठन गरिएको नेपाली कांग्रेस रूपन्देहीका सचिव रामकृष्ण खाणँले जानकारी दिदै समितिले पार्टीको अनुशासनमा रहे नरहेको अनुगमन गरी कार्वाहीका लागि केन्द्रीय अनुसासन विभागमा सिफारिस गर्ने छ।

### बुम र एस बीच सम्झौता

(न्यूज ओके रिपोर्टर), भैरहवा। बुम रेमिट्यान्स प्रा.लि. र एस डेभलपमेन्ट बैंक लिमिटेड बिच रेमिट्यान्स बितरणका बिषयमा संझौता भएको छ। संझौता संगै बुमले एस लाई आफ्नो एजेन्ट तोकेको छ।

अब बुम रेमिट् मार्फत नेपालीले विदेशबाट पठाएको रकम एस डेभलपमेन्ट बैंक लिमिटेडले आफ्नो सबै शाखाहरू मार्फत भुक्तानी गर्नेछ। बुम रेमिट्यान्सको नेपालमा ७५ वटै जिल्लामा एकहजार पाचंसयवटा भन्दा बढि सब-ऐजेन्टहरू छन्।

सम्झौता पत्रमा बुम रेमिट्यान्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत धिरेन्द्र पन्त र एस डेभलपमेन्ट बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठले सम्झौता पत्रमा हस्तक्षर गरेका छन्।

हाल बुम रेमिट्यान्सले खाडि मुलुकबाट रेमिट्यान्सको कारोवार गर्दै आएको छ र चाँडै नै मलेसिया, कोरिया, जापान, क्यानडा, अस्ट्रेलिया, युरोप, इजरायल, भारत र अमेरिकाबाट समेत कारोवार सुरू गर्ने जनाएको छ। आन्तरिक सञ्जाललाई तीब्र रूपले विस्तार गर्दै आएको बुम रेमिटले विदेशमा पनि आफ्नो सञ्जाललाई तीब्र रूपले विस्तार गर्दै जाने रणनीति रहेको पन्तले बताए।

### बुद्ध सामुदायिकद्वारा रक्तदान

(न्यूज ओके रिपोर्टर), भैरहवा। बुद्ध सामुदायिक सेवा समाज तथा सामुदायिक प्रहरी केन्द्र सिद्धार्थनगर ४, ६, १० र ११ ले रक्तदान गरेको छ। कार्यक्रममा ४१ जनाले रक्तदान गर्दा ४१ प्वाईन्ट रगत संकलन भएको थियो।

रक्तदान जीवन दान भन्ने मुलनाराका साथ भैरहवा स्थित हनुमान मन्दिर परिसरमा रक्तदान गरिएको थियो। समाजका अध्यक्ष वीरेन्द्र श्रीवास्तवको अध्यक्षतामा भएको कार्यक्रमको संयोजन गणेश गुप्ताले गरेका थिए।

### विपीलाई सम्झियो कांग्रेसले

(न्यूज ओके रिपोर्टर), भैरहवा। प्रथम जननिर्वाचित प्रधानमन्त्री तथा नेपाली कांग्रेसका संस्थापक नेता स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालाको १ सय ३ औं जन्मजयन्ती रूपन्देहीमा मनाइएको छ। विपी कोइरालाको जन्मजयन्तीको अवसरमा नेपाली कँाग्रेस रूपन्देहीले भैरहवामा विचार गोष्ठिको आयोजना गरेको थियो।

गोष्ठिमा बोल्ने वक्ताहरूले विश्व समाजवादी आन्दोलनका अगुवा समेत रहेका कोइरालाको समाजवादी विचारधारा नेपालका लागि सान्दर्भिक रहेको औल्याए। नेपाली कांग्रेस रूपन्देहीका सचिव रामकृष्ण खाणँको सभापतित्व, कोषाध्यक्ष दिपक क्षेत्री न्यौपानेको स्वागत सम्पन्न कार्यक्रममा मनोरमा सेरचन, दिर्घराज काफ्ले, भैरहवा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख सुर्दशन नेपाल, बुटवल बहुमुखी क्याम्पस प्रजातान्त्रिक प्रध्यापक सघंका मदन कटेल, प्रेम बहादुर फौजदार, चिरन्जीवी जोशी, गगां साही लगायतले बोल्दै कोइरालाले नेपाली राजनीति र साहित्यमा पुर्याएको योगदानको चर्चा गरेका थिए।

विक्रम सम्वत १९७१ साल भदौ २४ गते भारतको बनारसमा जन्मिएका कोइरालाको बि.सं २०३९ साउन ६ गते निधन भएको थियो।

### म्याद नाघेका पेयपदार्थ नष्ट

(न्यूज ओके रिपोर्टर), भैरहवा। जिल्ला बजार अनुगमन समितिले अनुगमनका क्रममा बिहीबार लुम्विनी स्थित बुद्ध मिनी मार्केट, मिनी मार्ट महिलवार, केपी मिनी मार्ट र जय श्री कृष्ण टेड्रसबाट म्याद नाघेका पेय पदार्थ (फेन्टा, कोकाकोला, स्प्राइट ) अखाद्य अचार, दालमोठ र खाने तेल बरामद गरेको थियो।

बरामद गरिएका अखाद्य वस्तु गत शुक्रवार भैरहवामा नष्ट गरिएको हो। बरामदित साम्रगी करिब ६३ हजार मुल्य बराबरको रहेको छ। पेय पदार्थ ५ सय ६१ लिटर रहेको जिल्ला बजार अनुगमन समिति रूपन्देहीका संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी शम्भु प्रसाद रेग्मीले जानकारी दिए।

### विश्व प्राथमिक उपचार दिवस मनाइयो

(न्यूज ओके रिपोर्टर), भैरहवा। नेपाल रेडक्रस सोसाइटी रूपन्देही जिल्ला शाखाले विश्व प्राथमिक उपचार दिवस प्राथमिक उपचारसँग सम्बन्धित समाग्री तथा रनिङ्गकप जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरी मनाएको छ। बालबालिकाका लागि र बालबालिकाद्वारा प्राथमिक उपचार भन्ने मुल नाराका साथ दिप उ.मा.वि., बुटवलमा मनाइएको हो।

रेडक्रसका सभापति प्रेमलाल उदासको सभापतित्व, रेडक्रसका केन्द्रीय उपाध्यक्ष प्रा.सुदर्शन प्रसाद नेपालले प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो। उपशाखा स्तरमा भएको प्रथम चरणको प्रतियोगितामा ८३ विद्यालयले भाग लिई छनौट भएका ११ प्रतियोगिहरू बीच भएको जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगितामा न्यू होराइजन उ.मा.वि बुटवल प्रथम, सगरमाथा आवसिय उ.मा.वि. द्धितीय र दुर्गा शैक्षिक गृह प.अमवाले तेस्रो स्थान प्राप्त गरेका छन् शान्ति मा.वि., मणिग्राम र बुद्धदिप आवासिय उ.मा.वि. रूद्रपुरले प्रोत्साहन पुरस्कार प्राप्त गरेको थियो।

२०७२/२०७३ शैक्षिक सत्रको जुनियर रेडक्रस मुल्याङकामा केरवानी उ.मा.वि देवदह प्रथम, उजिर सिंह मा.वि. बुटवल द्धितीय र दिप आवासिय उ.मा.वि.ले तेस्रो स्थान प्राप्त गरेका छन्। शिक्षक नायक तर्फ मदरल्याण्ड इङ्गिलस स्कुलका रिना श्रेष्ठले उत्कृस्ट शिक्षक नायक पुरस्कार प्राप्त गरे भने, सोही विद्यालयका सुस्मिता गुरूङ र केरवानी उ.मा.वि का बविता भट्टराईले रोशिता सृष्टिना छात्रवृत्ति प्राप्त गरेका छन्।

जिल्लामा ६ पटक लगातार सर्वोकृष्ट हुने र पश्चिमाञ्चलमा २ पटक सम्म लगातार सर्वोकृष्ट हुने मदरल्याण्ड इङ्गिलस स्कुलले कदर पत्र, रेडक्रस झण्डा र शिल्ड प्राप्त गरे। वक्तृत्वकलाको निर्णायक मण्डलमा दल बहादुर थापा, शंकर पाण्डे, टंक प्रसाद बन्जाडे रहेका थिए।

**जिल्ला जनस्वास्थ्य कार्यालय रूपन्देहीको अनुरोध**

**सुर्तिजन्य पदार्थहरु जस्तैः खैनी, सुर्ती, चुरोट, बिंडी, हुक्का, कक्कड आदिको सेवनले नसर्ने रोगहरु जस्तै मुखको क्यान्सर, फोक्सोको क्यान्सर, मधुमेह, मुटुको रोग लाग्नसक्छ । त्यसैले यस्ता पदार्थहरुको प्रयोग नगरौं । स्वस्थ जीवन यापन गरौं ।**

अनुरोधक:-

जिल्ला जनस्वास्थ्य कार्यालय

रुपन्देही





**तिरौं कर**

*आन्तरिक राजश्व कार्यालय, भैरहवामा कर दाखिला गर्न आएका सेवा ग्राहीहरु ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# फ्रि भिसा हटाउ या ससर्त लागु गर: पर्यटन व्यवसायी

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

दक्षिण एसियाली मुलुकसँगै चिनीयाँ पर्यटकलाई नेपाल प्रवेश गर्न एक पटकका लागि निशुल्क भिसा सरकारले दिए पनि त्यसले नेपालका पर्यटन क्षेत्रलाई फाइदा नभएकाले निःशुल्क भिसा (फ्रि भिसा) को प्रावधान हटाउनु पर्ने या त ससर्त लागु गराउनु पर्ने माग लुम्बिनी क्षेत्रका पर्यटन व्यवसायीहरूले गरेका छन् ।

शनिबार सिद्धार्थ एशोसियसन अफ ट्राभल्स एण्ड टुर्स एजेन्ट (साट्टा लुम्बिनी च्याप्टर) को १७ औँ साधारण सभा तथा ८औँ अधिवेशनमा पर्यटन व्यवसायीले उक्त माग राखेका हुन् ।





फ्रि भिसा भए पनि पर्यटक नबढेको,से डे पर्यटक बढी रहेको हुँदा फ्रि भिसा लिएर आउने पर्यटकलाई कम्तिमा २ रात तीन दिन अनिवार्य बस्नु पर्ने र नेपाल आउनु पूर्व नै प्याकेज खरिद गरी आउनु पर्ने भुटानको जस्तै नीति बनाउनु पर्ने साट्टाका संस्थापक महासचिव तथा पुर्व अध्यक्ष सञ्जय बजिमयले बताए । हामी बिदेश जाँदा डलर सो गरेर जान्छौ, फ्रि भिसा लिएर आउनेले पनि हाम्रो देश आउँदा कम्तिमा ५ सय डलर खर्च गरेर आउनु पर्‍यो, बमिजयले भने ।

स्थलमार्ग बाट सबैभन्दा बढी फ्रि भिसा उपयोग गर्नेमा श्रीलंकन पर्यटकहरू पर्दछन् । त्यस्तै पछिल्लो समय चिनीयाँ पर्यटकले पनि फि भिसा उपयोग गर्दै आएका छन् ।

उनीहरू वार्षिक ४० देखि ५० हजारको हाराहारीमा स्थलमार्गको बेलहिया नाका हुँदै आउने गरेको साट्टाका अध्यक्ष कृष्ण प्रसाद अधिकारी सागरले बताए । यति धेरै संख्यामा श्रीलंकनहरू आउँदा पनि न त पर्यटन व्यवसायी न त सरकार दुबैले फाइदा लिन सकेका छन्, अधिकारीले भने । अधिकांश एकै दिनमा फकन्छन, बस्ने गरेकाले पनि पकाउने भाँडा कुदा साथमै लिएर आउँछन्, त्यसैले अब गुणस्तरीय पर्यटक ल्याउन पर्छ ,सेम डे पर्यटकलाई भिसा शुल्क निःशुल्क नगरी ससल्क गर्नुपर्छ, उनले भने । फ्रि भिसासँगै पर्यटन व्यवसाय सिन्डीकेटले बन्धक बनाएको उनको भनाइ छ, पर्यटन क्षेत्रमा स्तरीय बस सञ्चालन गर्न पाइदैन, हरियो प्लेटमा यात्रा गर्न चाहने नेपाली पर्यटकलाई यात्रा गर्न दिइदैन, कसरी हुन्छ पर्यटन क्षेत्रको प्रगति ,अधिकारीले भने । उनले पर्यटन क्षेत्रमा राम्रो नीति सरकारले ल्याए निजी क्षेत्रले लगानीको खोला बगाउने समेत जनाए ।

साट्टाका संस्थापक अध्यक्ष एवं सिद्धार्थ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष बिष्णु शर्माले पर्यटन व्यवसायलाई सरकारले कहिल्यै राम्रो दृष्टीकोणले हेर्न नसकेको भन्दै प्रशस्त सम्भावना हुँदा हुँदै पनि सरकारी अदुरदृष्टीका कारण पछि परेको बताए ।

सिद्धार्थ होटल एशोसियसन (सान) का अध्यक्ष चन्द्र प्रकाश श्रेष्ठले बोर्डर टुरिजमको सम्भावना सिमावर्ती शहरमा हुँदाहुँदै पनि राज्यले वातावरण बनाउन नसकेको जनाए । राती १० बजे पछि शहरमा आउने पर्यटकले खान पाउँदैनन, होटल रेष्टुरा सञ्चालन राती १० बजे पछि गर्न नपाइने ठाउँमा पर्यटक के गर्न आउँछन्, श्रेष्ठले भने । यस क्षेत्रका होटल व्यवसायमा अबौंको लगानी छ, तर सरकार व्यवसाय गर्न अंकुश लगाउछ, हामी शान्ति सुरक्षाको प्रत्याभुति दिन्छौ ,तपाईहरू ढुक्कसँग कानुन सम्मत व्यवसाय गर्नुस् भनेको सुन्न हामी आतुर छौ, श्रेष्ठले भने ।

कार्यक्रममा व्यवसायीहरूले यस क्षेत्रको भविष्यसँग जोडिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय बिमानस्थलको निर्माण तोकिएकै समयमा सम्पन्न गर्न अहिल्यै देखि आवश्यक लबिंग गर्नुपर्ने ,यातायात क्षेत्रको सिन्डीकेट हटाउनु पर्ने, हरियो प्लेट दर्ता सहज रूपमा हुनुपर्ने र भिसा नीति परिवर्तन गर्नुपर्ने लगायतका कुरामा जोड दिएका थिए ।

कार्यक्रममा लुम्बिनी पर्यटन प्रवर्द्धन विकास समितिका निर्देशक ख्याम बहादुर थापा,नागरिक उड्यन प्राधिकरण गौतमबुद्ध बिमानस्थल भैरहवाका शिशिल कर्माचार्य, उद्योग व्यापार संगठन रूपन्देहीका महासचिव अनिल ज्ञवाली, साट्टाका महासचिब बिक्रम मल्ल, उपाध्यक्ष चन्द्र थापा लगायतले यस क्षेत्रको पर्यटन विकासका बारेमा चर्चा गरेका थिए ।

**साट्टा अध्यक्षमा चन्द्र थापा**

सिद्धार्थ एसोसियसन अफ ट्राभल एण्ड टुर्श एजेन्टस (साट्टा) लुम्बिनी च्याप्टरको अध्यक्षमा चन्द्र बहादुर थापा निर्वाचित भएका छन् । थापा साट्टाका बरीष्ठ उपाध्यक्ष हुन् ।

शनिबार भैरहवामा सम्पन्न १७ औं साधारण सभा तथा ८ औं अधिवेशनमा भएको निर्वाचनमा थापाले १६ मत ल्यायी अध्यक्षमा विजयी भएका हुन् । अर्का उम्मेदवार पूर्व अध्यक्ष सञ्जय बजिमयले १२ मत प्राप्त गरे । कुल ३४ मतदाता रहेकोमा २८ मत खसेको संस्थाका कानुनी सल्लाहकार तथा निर्वाचन अधिकृत धर्म बहादुर खड्काले जानकारी दिए । अन्य सबै पदमा भने निर्विरोध भएको थियो । अन्य पदहरूमा बरीष्ठ उपाध्यक्षमा सुन्दर बहादुर क्षेत्री, उपाध्यक्षहरूमा गोबिन्द सिंह र दिनेश मल्ल, महासचिबमा मुकेश श्रेष्ठ, सचिबमा उमाशंकर मिश्र, कोषाध्यक्षमा अन्जन श्रेष्ठ र सह-कोषाध्यक्षमा अंकित जयसवाल रहेका छन् । त्यसैगरी सदस्यहरूमा केशव अधिकारी, ज्ञानु माया पोखरेल र सुजित श्री वास्तव छन् ।

## सबैलाई समेटेर अघि बढ्छु: अध्यक्ष थापा

**के योजना लिएर अध्यक्षमा उम्मेदवबारी दिनु भएको थियो ?**

संस्थामा आवद्ध नहुनु भएका सबै ट्राभल तथा टुर्श व्यवसायीहरूलाई एकै छातामुनि ल्याउने मेरो योजना मात्र नभई उद्धेश्य पनि हो । यस क्षेत्रका पर्यटन व्यवसायीहरू हामी देशकै महत्वपुर्ण स्थानमा छौं । त्यसैले बढी भन्दा बढी पर्यटनसँग सम्बन्धी गतिविधी हामीले यहाँ गर्न जरूरी छ । साथै संस्थालाई आर्थिक रूपमा सबल नबनाई किन अन्य गतिविधी अगाडी नबढ्ने भएकाले विभिन्न कार्यक्रम गरी श्रोत जुटाउने र संस्थालाई समय सापेक्ष बनाउने योजना हो । त्यसै गरी बुद्ध जन्मस्थल लुम्बिनीमा पर्यटन सुचना केन्द्र स्थापना गर्ने लक्ष्य लिएको छु ।



साट्टाका नवनिर्वाचित अध्यक्ष चन्द्र थापा

**समस्या के-के देख्नु भएको छ ?**

पर्यटन क्षेत्रमा संभावना र चुनौती दुवै बराबर छन् । अहिलेको समस्या भनेको स्पष्ट पर्यटन नीतिको अभाव हो । सरकारले ल्याएको फ्रि भिसा नीतिले न त राज्यलाई न त पर्यटन व्यवसायीलाई फाइदा गर्न सक्यो । त्यसैले कि त फ्रि भिसा हटाउन पर्‍यो, होइन भने शर्त सहित लागु गर्नु पर्‍यो ।

त्यस्तै पर्यटक बाहनका रूपमा रहेको हरियो नम्बर प्लेटको सवारी साधनमा नेपालीलाई चढ्न दिइदैन र दर्ता पनि सहज रूपमा हुँदैन्, यो पनि हटाउनु पर्छ, सिन्डीकेट भनेको पर्यटन क्षेत्रको बाधक हो ।

# वृज सिमेन्टमा रूपन्देहीका पाण्डेले जिते होण्डा साइन

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

वृज सिमेन्ट उद्योगले आफ्ना ग्राहकहरूका लागि श्रावणबाट ल्याएको उपहार योजना अन्तर्गतको तेश्रो मोटरसाइकल उपहार रूपन्देही मणिग्रामका रामचन्द्र पाण्डेले प्राप्त गरेका छन् ।





वृज कम्पनीले 'अरूको सय चोटी वृज सुपर प्रिमियम (ओ.पि.सि) सिमेन्टको एकैचोटी' 'स्क्रयाच गरी जितौं थुप्रै सियोर उपहार, होन्डा साइन बाइक चढी बनाऔं आफ्नो सपना साकार ' नारा सहित उपहार योजना गत साउनबाट सुरू गरेको उद्योगका महाप्रबन्धक रबि रञ्जन कुमारले बताए ।

शिलाशालिग्राम सप्लायर्स मणिग्रामका पाण्डे सहित यो साता स्क्रयाच मार्फत अन्य पुरस्कार प्राप्त गर्नेमा सरिता कुमारी मैनाली पर्सालाई फ्रिज, अर्जुन शर्मा (पोखरा), सुनिल बोहोरा (भरतपुर), हरिशचन्द्र चौधरी (नवलपरासी), शर्मिला आले (नारायणगढ) लाई भ्याकुम क्लीनर, तथा डिस होम सेट अप बक्स सहितको कनेक्सन जित्नेमा पोखराका नविन बहादुर अधिकारी र बद्री लामिछाने, धादिङ्गका निबन्ध के.सी., ललितपुरका राम गोबिन्द महर्जन, चरीकोटका बाबुराम खड्का तथा काभ्रेस्थलीका राजकुमार डंगोल रहेको उद्योगका बिक्री प्रबन्धक नुमेन्द्र पौडेलले जनाए ।

यस अघि काठमाण्डौ र नवलपरासीका दुई युवाले मोटरसाइकल जितेका थिए । उद्योगले ३ महिनासम्म प्रत्येक हप्ता एक होण्डा साइन मोटरसाइकल सहित विभिन्न उपहारहरू सामसुङ्ग ब्राण्डका फ्रिज, मोबाइल, भ्याकुम क्लीनर, डिसहोम, फ्यान, स्टिम आइरनका साथै नगद उपहारहरू स्क्रयाच कुपन मार्फत प्राप्त गर्न सक्ने जनाएको छ ।

गुप्ताले जनाए । यो योजना अन्तर्गत ग्राहकहरूले वृज सिमेन्ट इण्डष्ट्रिज प्रा.लि.का कुनै पनि उत्पादनहरूको २५ बोरा खरीदमा एउटा स्क्रयाच कुपन प्राप्त गर्न सक्नेछन् र कुपन स्क्रयाचमा उल्लेख भए बमोजिमको पुरस्कार पाउनेछन् ।

केडिया अगनाइजेशन अन्तर्गतको वृज सिमेन्ट उद्योग भारतको शान्ता सिमेन्ट प्रा. लि. सँगको सहकार्यमा स्थापित कम्पनी हो । वृज सिमेन्ट भैरहवा-लुम्बिनी औद्योगिक करिडोरमा अवस्थित छ । वृज सिमेन्ट उद्योगले पोर्टल्याण्ड पोजोलाना सिमेन्ट (पि.पि.सि.) र साधारण पोर्टल्याण्ड सिमेन्ट (ओ.पि.सि) दुवै किसिमका सिमेन्ट उत्पादन र बिक्री वितरण गर्दै आइरहेको छ ।

**आकर्षक घडेरी विक्रीमा**

**भैरहवाको मुटु सिद्धार्थनगर नगरपालिका वडा नं.– ९ स्थित प्रभातपथमा, राजमार्गदेखि १०० मिटर भित्र ३५ धुर आकर्षक जग्गा (घरसहित) विक्रीमा रहेकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।**

*नोटः कृपया दलालले कष्ट नगर्नुहोला ।*

**सिधा सम्पर्कः ९८५७०२३७३६**

# अम्बे ग्रुपद्वारा रामेछापको स्कुललाई आर्थिक सहयोग

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

अम्बे ग्रुप अन्तरगतको अम्बे सिमेन्ट प्रालिले ले रामेछाप सदरमुकामस्थित एक बिद्यालयलाई आर्थिक सहयोग प्रदान गरेको छ । उद्योगले सामाजिक उत्तरदायित्व अन्तरगत त्यहाको विष्णु जन ज्योति सेकेन्डरी स्कुललाई १ लाख ११ हजार १११ रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको हो ।

ग्रुपका अध्यक्ष हरिप्रसाद न्यौपानेले उक्त रकम विद्यालयका प्रिन्सिपल रिपबहादुर कार्कीलाई हस्तान्तरण गरे । कार्कीले सो रकम विपन्न तथा जेहेन्दार विद्यार्थीहरूको छात्रवृत्तिका लागि प्रयोग गरीने बताए ।

अम्बे ग्रुपका अध्यक्ष हरिप्रसाद न्यौपानेले कर्पोरेट सामाजिक उत्तरदायित्वअन्तर्गत बालबालिकाको शिक्षाका लागि अम्बे ग्रुपको उत्कृष्ट उत्पादन अम्बे सिमेन्टको तर्फबाट उक्त रकम सहयोग गरेको र भविष्यमा पनि अन्य विद्यालयमा यस्तै सहयोग गर्ने प्रतिबद्धता प्रकट गरे ।



अम्बे ग्रुपका अध्यक्ष हरि न्यौपाने विद्यालयलाई चेक दिँदै

# बुटवलमा टाटाको शानदार एक्सचेन्ज अफर

*न्यूज ओके रिपोर्टर*

बुटवल ।

सिप्रदी ट्रेडिंग प्रा.लि.को लुम्बिनी क्षेत्रमा अधिकृत बिक्रेता रही टाटा को ४ पांग्रे कार बिक्री गर्दै आएको सफल अटो बुटवलले तिन दिने शानदार एक्सचेन्ज अफर ल्याएको छ । बुधबार (२९ गते) बाट सञ्चालन भएको अफर ३ दिन सम्म चल्ने संयोजक सन्दीप पोखरेलले जनाए ।

यो अफरमा कुनै पनि ब्रान्डका पुरानाकारहरूको उचित मुल्यांकन गरी टाटाका नँया कारहरू टाटा जेस्ट,टाटा बोल्ट,टाटा ईन्डिका,सुमो गोल्ड,स्ट्रोन लगायतका टाटाका अन्य गाडी लैजान सकिने पोखरेलले जानकारी दिए ।

टाटाले भर्खरै बजारमा ल्याएको टाटा टियागो गाडीको पनि बुकिंग सुरूवात गरेको छ ।







कृषि/शिक्षा/स्वास्थ्य/विकास
www.newsok.com.np

**रूख रोप्ने बानी बसालौं**

*विभिन्न देशहरूले कार्वन उत्सर्जन धेरै गरेर विश्वमा देखिएको जलवायु परिवर्तनलाई कम गर्न एक मात्र उपाए रूख रोप्ने र कार्वन संचिती गर्ने कार्वन संचिती गरे बापत नेपाल सरकारलाई विश्व बैंकले रकम दिने संझौता भएको छ । नेपाल सरकारले विश्व बैंक लगायत विभिन्न संघ संस्थाहरूको सहयोगमा तराईका रौतहटदेखि कञ्चनपुरसम्मका १२ वटा जिल्लामा उत्सर्जन न्यूनीकरण कार्यक्रमको दस्तावेज (इआरपीडी) तयारी गरिरहेको छ । यसै क्रममा १२ वटै जिल्लामा आयोजना हुने जिल्लास्तरीय परामर्श कार्यक्रमको आरम्भ रूपन्देही जिल्लाबाट शुरू गरिएको छ ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

### वनजंगलबाट आम्दानी लिने नयाँ उपाए

# अब कार्वन संचिती गरेर विश्व बजारमा बिक्री गर्न सकिने



रूपन्देहीको देवदह नगरपालिकामा रहेको बुद्ध सामुदायिक वनका उपभोक्ताहरू खाली जग्गामा विक्षारोपण गर्दै ।

***भुवन पाण्डे***
भैरहवा ।

वनजंगलको धनी देश नेपाल । यहाँ वनमा रहेका काठहरू बिक्री गरि आम्दानी लिने गरिएको छ । तर अब वनबाट फाइदा लिन रूख काट्ने र विक्री गर्नु पर्छ भन्ने छैन, रूख रोपेर पनि अब पैसा कमाउन सकिने छ ।

विभिन्न देशहरूले कार्वन उत्सर्जन धेरै गरेर विश्वमा देखिएको जलवायु परिवर्तनलाई कम गर्न एक मात्र उपाए रूख रोप्ने र कार्वन संचिती गर्ने कार्वन संचिती गरे बापत नेपाल सरकारलाई बिश्व बैंकले रकम दिने संझौता भएको छ । नेपाल सरकारले विश्व बैंक लगायत विभिन्न संघ संस्थाहरूको सहयोगमा तराईका रौतहटदेखि कञ्चनपुरसम्मका १२ वटा जिल्लामा उत्सर्जन न्यूनीकरण कार्यक्रमको दस्तावेज (इआरपीडी) तयारी गरिरहेको छ । यसै क्रममा १२ वटै जिल्लामा आयोजना हुने जिल्लास्तरीय परामर्श कार्यक्रमको आरम्भ रूपन्देही जिल्लाबाट शुरू गरिएको छ ।

नेपालले सन् २०१४मा इआरपीडी स्वीकृत पाएकोले पहिलो पटक रूपन्देहीबाट दस्तावेज बनाउन शुरू गरेको हो । बढ्दो जलवायु परिवर्तनको असरलाई कम गर्न वनजंगलको संरक्षण गरी कार्वन संचिती गरी विश्व बजारमा बेच्न यो अभियान शुरू गरिएको वन तथा भूसंरक्षण मन्त्रालय अन्तरगतको रेड कार्यान्वयन केन्द्रका प्रमुख सिन्धु प्रसाद ढुंगानाले बताए ।

गएको शुक्रबार र शनिबार बुटवलमा चलेको २ दिने छलफलमा वनको दिगो व्यवस्थापन गर्ने, बैकल्पिक उर्जाको व्यवस्था गर्ने, खाली ठाँउमा वृक्षारोपण गर्ने लगायतका काम गरि कार्वन संचिती बढाउने कार्यक्रहरू गर्ने सहभागीहरूले जोड दिए । कार्वन संचित गरेबाफत विश्व बैंकको वन कार्वन साझेदारी सहयोग अन्तरगत रहेको कार्वन कोषबाट रकम प्राप्त हुनेछ ।

नेपाल सरकारले विश्व बैंकको सहकार्यमा १२ जिल्लामा आगामी ५ वर्षसम्म कार्यान्वयन गर्नेगरी इआरपीडी तयारी गरिरहेको छ । ती जिल्लावाट वार्षिक १ करोड ४० लाख टन बराबरको कार्वन संचिती गरि अन्तरराष्ट्रिय वजारमा विक्री गर्न सकिने कार्यालयले जनाएको छ ।

बुटवलमा आयोजना भएको उत्सर्जन न्यूनीकरण कार्यक्रमको दस्तावेज तयारी परामर्श गोष्ठीमा वन तथा भू-संरक्षण मन्त्रालयका सचिव उदय ठाकुरले उद्घाटन् गरेका थिए । उक्त गोष्ठिमा वन विभागका, वन अनुसन्धान तथा सर्वेक्षण विभाग, पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशक, लगायत कंचनपुर देखि रौतहट बीचमा पर्ने १२ वटा जिल्लाका जिल्ला वन अधिकृतकरू उपस्थिति रहेको थियो । त्यस्तै भू-संरक्षण, कृषि, पशु, विश्व बैंक, डब्लु डब्लुएफ, राष्ट्रसंघीय रेडप्लस कार्यक्रम, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, साझेदारी वन उपभोक्ता महासंघ नेपाल, नेपाल निजी वन सञ्जाल, वनसम्बन्धी निजी क्षेत्रका प्रतिनिधि, विभिन्न वन उपभोक्ता समूह र सरोकारवाला संघ संस्था लगायतका प्रतिनिधिहरूको सहभागिता कार्यक्रममा रहेको थियो ।

कार्यक्रममा उत्सर्जन न्यूनीकरण कार्यक्रमको दस्तावेज बनाउँदा यस्ता समुदायको वनमाथिको अधिकारलाई उच्च महत्व दिनुपर्ने, दस्तावेज बनाउने प्रक्रिया सहभागितामूलक हुनुपर्ने, यस कार्यक्रमबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्नुपर्ने, स्थानीय समुदायको क्षमता बढाउनु पर्ने र वन विनाशका कारक तत्वहरूको विशेष रूपमा सम्बोधन गर्नुपर्ने कुरामा बोल्ने बक्ताहरूले जोड दिएका थिए । साझेदार संस्थाका प्रतिनिधिहरूले नेपाल सरकारले शुरू गरेको उत्सर्जन न्यूनीकरण कार्यक्रमको दस्तावेज तयारी प्रक्रिया निकै महत्वपूर्ण रहेकोले यसलाई प्रभावकारी बनाउनका लागि पूर्ण सहयोग गर्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा बोल्दै वन तथा भू-संरक्षण मन्त्रालयका सचिव उदयचन्द्र ठाकुरले उत्सर्जन न्यूनीकरण कार्यक्रमको दस्तावेज बनाउँदा सम्बन्धित समुदाय, सरोकारवाला र निकायहरूको अवधारणा र सरोकारहरूलाई सम्बोधन गर्नेगरी र सहभागितामूलक एवं पारदर्शी रूपमा दस्तावेज बनाउन निर्देशन दिए । दस्तावेजको तयारीमा स्थानीय समुदाय र सरोकारवालाहरूका सहभागिता, सहयोग र सहकार्य आवश्यक पर्दछ । नेपालको लागि यो कार्य अत्यन्त महत्वपूर्ण रहेको छ । यसकार्यका लागि वन तथा भू-संरक्षण मन्त्रालयले सम्पूर्ण सहयोग गर्ने सचिवले बताए । ५ वर्षे अभियान रौतहत, बारा, पर्सा, चितवन, नवलपरासी, कपिलबस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरि १२ जिल्लामा गर्ने सरकारले निर्णय गरेको छ ।

डब्लु डब्लुएफ नेपालले सरकार र स्थानीय सरोकारवालाहरूसंग मिलेर उत्सर्जन न्यूनीकरण कार्यक्रमको दस्तावेज तयारी गर्ने जिम्मेवारी पाएको छ । उत्सर्जन न्यूनीकरणका कार्यक्रम लागु भए पछि यी जिल्लाहरूमा हुने वन विनाश र वन क्षयीकरणको दर न्यून हुने र वनको दिगो व्यवस्थापनमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरिएको छ । यसरी वनको हैसियत वढेर प्राप्तहुने कार्वन संचितीलाई अन्तरराष्ट्रिय बजारमा विक्री गर्न सकिन्छ । नेपालले यो प्रकृयाबाट कार्वन व्यापार गर्न सक्यो भने नेपाल संसारमा वन संरक्षणवाट प्राप्त हुने कार्वन संचितीलाई विक्री गर्ने सिमित मुलुकहरूको क्लबमा समाविष्ट हुने छ ।



इस्लाम धर्मावलम्बीहरुको दोस्रो ठुलो पर्व बकर इदको अवसरमा रुपन्देहीको बगाहास्थित मस्जिदमा नमाज पढिसकेपछि बालकहरु आफ्नो घर जाने क्रममा ट्याक्टरमाथि चढेर रमाउँदै ।
*तस्बीरः न्यूज ओके*

# धुमधामसँग मनाइयो 'ईद उल अजहा' अर्थात् बकर ईद

***न्यूज ओक रिपोर्टर***
भैरहवा ।

देशका अँन्य क्षेत्रमा जस्तै रुपन्देहीका मुस्लिम समुदायले पनि मंगलबार बकरीईद पर्ब मनाएका छन् । तिन दिन सम्म मनाउने प्रचलन अनुसार पहीलो दिन मुस्लिम समुदायमा कुर्बानीको दिनका रुपमा लिईने पर्ब "ईद उल अजहा" अर्थात बकरीईद यँहा धुमधामका साथ मनाईएको छ । बकरीईद आज सकिँदैछ ।

बिहानै चोखो पबित्र भई मस्जिदमा गएर नमाज पढी सबैलाई अंकमाल गरी शुभकामना दिईयो । त्यसपछी घर घरमा गएर जनावरको कुर्बानी दिईएको थियो ।

आजको दिन अन्य स्थानमा जस्तै रुपन्देहीका मुस्लीम समुदायले पनि कुर्बानीको खुसीका दिनका रुपमा लिई ईब्राहिम तथा इस्माईलको संझना गर्दै यो पर्ब मनाएका छन् । उनिहरुलाई संझदै बिभिन्न जनावरहरुको कुर्बानी अर्थात बलि दिईने गरीन्छ आजकका दिनलाई सुन्नते ईब्राहिम पनि भन्ने गरिन्छ ।

पिता ईब्राहिमलाई सपनामा लगातार आफ्नो छोरा इस्माईल लाई समर्पण गर्दै अल्लाहले जबह गर्न आदेश दिएका थिए । बारम्बार सपनामा अल्लाहको आदेश आउन थालेपछी इब्राहीमले छोरा ईस्माईललाई सो जानकारी गराउदा अल्लाहको ईच्छा पुरा गर्नु पर्छ भनेपछी बाबुले छोरा लाई जबह गर्न थाल्दा अल्लाहका रुपमा पैगम्बरको आवाज आकाशबाट निस्की इब्राहिमलाई परिक्षा लिएको र त्यस्मा उत्तिर्ण भएको अल्लाहको आवाज गुन्जेको थियो । त्यही दिनबाट बाबु छोरा ईब्राहिम र इस्माईललाई संझना गरी यो पर्ब मनाउन थालिएको रुपन्देही क्षेत्र नम्बर २ का सांसद एबं बेलहियाका स्थानिय बासिन्दा निबासी ईश्तियाक अहमद खाँनले बताए ।

आजको दिन सफा सुद्ध भई मस्जिदमा गई नमाज पढने र घर घरमा खसी, राँगा, उँट, भेडाको कुर्बानि गरीन्छ भने रोजा अर्थात ब्रत बस्न मिल्दैन् । रुपन्देहीको भैरहवा, बुटवल लगायत बिभिन्न क्षेत्रमा रहेका मस्जिदहरुमा नमाज पढीएको थियो । आज जिल्लामा रहेका मुस्लिम समुदायले आफ्ना परीवार,ईस्टमित्र,साथीभाईलाई सफल जिवन तथा भबिश्य शुभकामना आदान प्रखान गर्दै कुर्बानी गरीएको जनावरको मासु पकाएर खुवाई यो पर्ब मनाएको शिद्धार्थनगर नगर पालिका अञ्चलपुरका रियाज वारीसले बताए ।

कुर्बानीका लागी उट ५ सालको,रागा २ बर्षको र खसी कम्तिमा एक बर्षको हुनु पर्ने धार्मिक मान्यता रहेको छ । त्यस्तै गरी कुर्बानीका लागी ल्याईने सबै जनावरको सिंग र दात समेत अनिबार्य हुनु पर्ने रहेको तथा दुब्लो, पातलो जनावरको कुर्बानी गर्न नमिल्ने भएकाले पनि यो पर्बको आफैमा महत्व रहेको छ । ईस्लाम धर्ममा कुर्बानी गरीएको खसी लगायतका बस्तुहरुको बराबर तिन भाग लगाई एक भाग गरीब गुरुवामा गई बाडनु पर्ने, एक भाग साथी स्टमित्रलाई र एक भाग घर परीवारलाई छुट्याउनु भनेकोले पनि यो पर्ब स्नेह मिलनका रुपमा रहेको छ । मुस्लिम समुदायको यो दोश्रो ठुलो पर्ब हो । घरघरमा बोलाएर साथिभाई स्टमित्रलाई खुवाउने चलन समेत छ ।

# राष्ट्रसेवकको साधारण सभा

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

राष्ट्रसेबक बहुउद्धेश्यिय सहकारी संस्था लिमिटेडको १९ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ । गत शनिबार सम्पन्न साधारण सभाको उदघाटन गर्दै प्रमुख अतिथि कर्मचारी संगठनका कन्द्रिय उपाध्यक्ष टिकाराम अधिकारीले कर्मचारीहरू मिलेर काम गरेमा सफल भइने उदाहरण रूपन्देहीमा कर्मचारीहरू मिलेर सञ्चालनमा ल्याएको यो सहकारी भएको बताउँदै देशकै उत्कृष्ट सहकारी बनाउने गरी कार्य नीति बनाउन आग्रह गरे ।

साधारण सभामा अध्यक्ष लेखनाथ बस्यालले संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै ४३ जना शेयर सदस्यबाट ४३ सय रूपैयाँ संकलन गरी सुरू भएको यो सहकारीको अहिले शेयर पूँजी १ करोड १३ लाख ३४ हजार ७ सय रूपैयाँ पुगेको बताए ।

कार्यक्रममा लेखा समितिको प्रतिबेदन लेखा संयोजक मुकुन्द प्रसाद पराजुलिले पेश गरेका थिए । कार्यक्रममा विशिष्ट अतिथि कर्मचारी संगठनका केन्द्रिय महासचिब रेबन्त गौतम, आधिकारीक ट्रेड युनियनका केन्द्रिय सदस्य मेघदेव पन्त, कर्मचारी संगठनका केन्द्रिय सदस्य ओम बहादुर मल्ल, आधिकारीक ट्रेड युनियन रूपन्देही जिल्ला अध्यक्ष राम प्रसाद पन्थी, पेशागत महासंघ रूपन्देहीका अध्यक्ष डिजाइन थापा, लगायतले सहकारीको चर्चा गरेका थिए । कार्यक्रम सञ्चालन सचिब चिरञ्जीवी गौतमले गरेका थिए ।

२०५५ साल मंसिर १७ गतेबाट सुरू गरेको यो सहकारीमा हाल पुरूष ५४०, महिला २८७ र संस्थागत २ गरी जम्मा ८२९ शेयर सदस्य रहेका छन् ।

# 'बालबालिकालाई पारिवारिक वातावरण दिऔं'

***न्यूज ओके रिपोर्टर***
काठमाडौं ।

राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकको भविष्यका आधार आजका बालबालिका भएकाले उनीहरूलाई शिक्षा लिने उपयुक्त वातावरणको व्यवस्था गर्नुपर्ने बताएकी छन् ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले राष्ट्रिय बालदिवस- २०७३ को अवसरमा काठमाडौंमा बुधबार आयोजना गरेको कार्यक्रममा उनले बालबालिकाको शिक्षा र स्वास्थ्यका लागि उपयुक्त पारिवारिक वातावरणमा सबैले ध्यान दिनुपर्नेमा जोड दिईन् । राष्ट्रपति भण्डारीले भनिन्, शिक्षा र स्वास्थ्यमा लगानी बढाउनुपर्छ, उनीहरूको शारीरिक र मानसिक विकास गरी बाल बचाउ प्रवर्द्धन कार्यक्रममा सबैले ध्यान दिन जरूरी छ । बालबालिकालाई शिक्षा र स्वास्थ्यमा सहज पहुँच सुनिश्चित गरी उनीहरूलाई बहुआयामिक प्रभिताका धनी बनाउन गर्भअवस्थादेखि नै सुनौला हजार दिनलाई सबैले बिशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याईन् ।

राष्ट्रपति भण्डारीले बालबालिका अझै पनि न्युनतम स्वास्थ्य शिक्षा समेत नपाइरहेको अवस्था रहेको उल्लेख गर्दै बाल बेचबिखन, दुरव्यवहार र अनुशासनका नाममा दण्ड सजाय अन्त्य गर्नुपर्ने बताईन् । वाल अधिकारका क्षेत्रमा विगतमा भएका कमीकमजोरीबाट पाठ सिक्दै अघि बढनुपर्ने बताउँदै उनले संविधानमा बालअधिकारलाई मौलिकहकको रूपमा राखिएको व्यवस्थालाई कार्यान्वयनमा सबैले ध्यान दिनुपर्नेमा जोड दिईन् ।

युवा तथा खेलकुद मन्त्री दलजीत श्रीपाईलीले बालबालिकाको शिक्षा, स्वास्थ्य र समग्र विकासका लागि सरकारको ध्यान केन्द्रित भएको उल्लेख गर्दै उनीहरूको समस्या समाधानमा सरकारले ध्यान दिने बताए । महिला, बालबालिका, समाज कल्याण तथा ज्येष्ठ नागरिक समितिका सभापति रञ्जु ठाकुरले अनुशासनका नाममा अहिले पनि दण्ड सजाय, बेचबिखन भइरहेकाले यसलाई रोक्नुपर्नेमा जोड दिईन् ।

केन्द्रीय बालकल्याण समितिका अध्यक्ष दिल्लीराम गिरीले बालबालिका संरक्षण र प्रवर्द्धनमा समितिले काम गर्दै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरे । विद्यार्थी सेवी कुमारी यादवले अहिले पनि बालबालिका शिक्षा, स्वास्थ्य र संरक्षणको पहुँचमा कमी रहेकाले यसतर्फ सरकारलाई ध्यान दिन आग्रह गरिन् । नेपालको संविधानमा बाल अधिकारलाई मौलिक हकका रूपमा राखेको छ। नेपालले सन् १९९० सेप्टेम्बर १४ अर्थात भदौ २९, २०४७ सालदेखि प्रत्येक वर्ष बाल दिवस मनाउने गरेको छ ।

# गोप्य सूचना दिनेलाई एक लाख पुरस्कार दिने

***न्यूज ओके रिपोर्टर***
प्यूठान ।

नमादेबी हत्याकाण्डको गोप्य सुचना दिने अधिकारीलाई एकलाख नगद पुरस्कार दिने नमादेबी पोखेललका माईला छोरा प्रमोद पोखेलले बताउनु भएको छ । २०७१ चैत्र ५ गते प्यूठान जिल्ला ओखरकोट गाविस स्थित आहालखोलामा आफ्नै घरको करेसाबारीमा बमको धरापमा पारेर हत्या भएको थियो ।

सञ्चार उद्यमी तथा स्वर्गद्धारी राष्ट्रिय दैनिकका प्रकाशक तथा सम्पादक प्रमोद पोखेलले आफ्नो आमाको हत्या गर्ने हत्यारा पत्ता लगाउन सबैले सहयोग गर्न अनुरोध गर्नु भएको छ । पोखेलले पाचँ बर्ष अघि देखि प्रकाशन गर्दै आएको स्वर्गद्धारी दैनिक समेत घट्ना संगै बन्द भएको छ ।

तत्कालीन प्रधानमन्त्री शुसील कोइराला नेतृत्वको सरकारले घट्नाको सत्य तत्थ्य पत्ता लगाउन गृहमन्त्रालयका उपसचिब केसबराज आर्चायको नेतृत्वमा छानबिन समिती गठन गरेको थियो । समितिले आफ्नो प्रतिबेदन गृहमन्त्रालयलाई बुझाय पनि उक्त प्रतिबेदन हालसम्म सार्बजनिक हुन सकेको छैन् । उता जिल्ला प्रहरीकार्यालयले बमका टुक्रा संकलन गरी बम कुन प्रकृतीको हो भन्ने पत्ता लगाउन बिधिबिज्ञान प्रयोगशालामा पठाएको ल्याबरिपोर्ट डेड्बर्ष हुदाँसमेत नआएको प्यूठानका प्रहरी प्रमुख रञ्जीत सिंह राठोरले बताउनु भएको छ । रिर्पोट नआउदा अनुसन्धान प्रकृयामा समेत असर परेको राठोरले बताउनु भयो । जिल्लामा आधादर्जन बढि हत्याका अपराधिहरू पत्ता लगाउन नसक्दा प्यूठानको सुरक्षा अबस्था कमजोर भएको जानकारहरू बताउँदै आएका छन् ।

### करदाताले ब्याज छुट पाउने ...

शुल्कको विवरण तथा शुल्क सम्वत २०७३ साल असोज मसान्त भित्र दाखिला गरेमा व्याज, थप दस्तुर, शुल्क तथा विलम्व दस्तुर लाग्ने छैन ।

त्यसैगरी २०७२ साल भदौ १ गते देखि फागुन मसान्तसम्ममा भन्सार कार्यालयवाट जांच पास भएका मालवस्तु समय पैठारी हुन नसकी विदेशी भुमिमा लागेको विलम्व शुल्क डिटेन्शन वा पार्किड. शुल्क वापतको रकम भन्सार मुल्यमा समावेश गर्न छुट भएको भए त्यस्तो रकममा पैठारी हुदा असुल गर्नु पर्ने महसुल मिनाहा गरिएको छ ।

भन्सार मूल्यमा समाबेश गर्न छुट भएका त्यस्ता खर्चको प्रमाणको आधारमा आय बर्ष २०७२/०७३ को आय बिबरणमा खर्च कट्टी गर्न दिईने छ ।

त्यसैगरी २०७१/०७२ सालमा स्थापना भएका नगरपालिकामा रहेका बचत तथा ऋण सहकारीहरूलाई पनि सोही बर्षमा लाग्ने आयकर कर मिन्हाको व्यवस्था गरिएको छ ।

नयाँ व्यवस्था अनुसार आर्थिक बर्ष २०७३।०७४ मा साढे तीन लाखसम्म आय भएका एकल ब्यक्तिको हकमा एक प्रतिशत र दम्पतिको हकमा बार्षिक ४ लाख आय भएमा १ प्रतिशत सामाजिक सुरक्षा कोष कर लाग्ने र स्रोतमै करकट्टी हुने व्यवस्था गरिएको छ ।

आफुले तिर्नु बुझाउनु भएको करको निस्सा राम्रोसँग राख्नुहोस् नत्र तपाइँले कर तिरे पनि सरकारी निकायमा देखाउन सक्नु भएन भने पछि समस्यामा परीन्छ । अनेक समस्याबाट बचन समयमै करचुक्ताको प्रमाण पत्र लिन समेत नबिर्सौं ।

### सिद्धार्थ यातायातको पर्यटक लक्षित ...

गरेको हो ।

खासगरी यातायातको समस्याका कारण लुम्बिनी र बुद्धसँग जोडिएका अन्य क्षेत्रहरू एकैसाथ घुम्न आन्तरिक तथा बाह्य पर्यटकहरूलाई समस्या थियो ।

जसका कारण धेरै पर्यटकहरू गौतम बुद्ध जन्मस्थल लुम्बिनी मात्र घुमेर फर्कने गर्दथे । यातायातको अभावमा बुद्ध सर्किट घुम्ने चाहाना कुनै पनि पर्यटकको अधुरो नहोस् भन्ने हेतुले बस सञ्चालन गरिएको सिद्धार्थ यातायात बस व्यवसायी समितिका अध्यक्ष सूर्य कुमार सारू मगरले जानकारी दिए ।

बिदाको दिनलाई लक्षित गरी पहिलो चरणमा सञ्चालनमा आएको प्योकज प्रत्येक शनिवार भैरहवाको बुद्धचोकबाट बिहान ७ बजे छुट्ने गरी लुम्बिनी भ्रमण सुरू हुनेछ । करिब दुई देखि ढाई घण्टा लुम्बिनी दर्शन पश्चात लुम्बिनीमा यात्रुहरूलाई खाना खुवाई बुद्ध सर्किट अन्तर्गत कपिलबस्तुको तौलिहवा स्थित कुदान, राजा शुद्धोधनको दरबार अनि संग्रालय अवलोकन गराइने छ । त्यसपछि निग्लिहवा हुँदै जगदिशपुर तालको भ्रमण गराइने छ । करिब घण्टाभर ताल भ्रमण पश्चात बुटवल स्थित जितगढी किल्लामा घुमाइने छ । अन्तमा बुटवल हुँदै मधवलिया स्थित अष्ट्रिच फर्मको अवलोकन गराई साँझ भैरहवा नै फर्किने भ्रमण प्याकेज कार्यक्रम रहेको छ । भ्रमणमा सहभागीहरूले यातायात खर्च बापत ५५० रूपैयाँ दिनु पर्नेछ भने अन्य खर्चहरू खाना,प्रबेश टिकट लगायत आफैले व्यहोर्नु पर्नेछ ।

बुद्ध सर्किट क्षेत्रमा यातायातको साधन जानसक्ने सडक सञ्जाल भए पनि यातायातका साधन नहुँदा पर्यटक लुम्बिनीबाट फर्कने गरेका थिए । तर अब केही हद सम्म भए पनि बुद्ध जीवनीमा आधारित अन्य क्षेत्रको समेत भ्रमण गर्न पर्यटकले पाउने भएका छन् ।

भैरहवा र वरपरका बासिन्दाहरू पनि लुम्बिनी बाहेक अन्य स्थानमा भ्रमण गर्न नपाएकाले समिति आफैले टुर प्याकेजको कार्यक्रम बनाएको अध्यक्ष मगरले उल्लेख गरे । समितिले आउँदो शनिबार बाट मनकामना दर्शनको समेत कार्यक्रम ल्याएको छ ।

### राष्ट्र बैंकको कडा निर्देशन

*एक आपसमा गाभिने(मर्जर) र एकअर्कालाई खरिद गर्न (एक्विजिसन) का लागि नेपाल राष्ट्र बैंकबाट बैंक तथा बित्तिय संस्थाहरुले सैद्धान्तिक सहमति लिइसकेपछी अब आफुखुशी तोड्न नपाउने भएका छन् । पछिल्लो समय मर्जर या एक्विजिसनमा जाने निर्णय भैसकेका बैंक तथा बित्तिय सस्थाहरुले आफुखुसी सहमती तोडदै जान थालेपछी नियामक निकाय केन्द्रिय बैंकले कडाई गर्दै आफुखुसी प्रकृया तोडन नपाउने निर्णय गरेको हो ।*




न्यूज ओके राष्ट्रिय साप्ताहिक

# मेडिकल कलेजमा एनसिसि बैंकको एक्सटेन्सन काउन्टर

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

नेपाल क्रेडिट एन्ड कमर्श बैंक (एनसिसि बैंक) ले भैरहवा स्थित युनिभर्शल मेडिकल कलेज तथा शिक्षण अस्पताल (युसिएमएस)मा एक्सटेन्सन काउन्टर बिस्तार गरेको छ ।

मेडिकल कलेज परिसरमा स्थापित काउन्टरको एनसिसि बैंक ब्यबस्थापन समितीका संयोजक तथा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक लक्ष्मी प्रपन्न निरौला एबं अस्पतालका अध्यक्ष रमेश शर्माले गत शनिबार संयुक्त रूपमा उदघाटन गरे ।




काउन्टर उदघाटन गर्दै निरौलाले बैंकले हरेक क्षेत्रका सर्बसाधारणहरूलाई मध्य नजर गर्दै शाखा बिस्तार गदै गैरहेको र मेडिकल कलेज भित्रै स्थापना भएको बैंकले अस्पतालमा आउने सेवाग्राही संगै वरपरका आम नागरीकलाई पनि प्रतक्ष्य फाईदा पुग्ने जनाउँदै बैंकको सेवा उपभोग गर्न सबैमा आग्रह गरे ।

मेडिकल कलेजका अध्यक्ष रमेश शर्माले काउन्टर स्थापनाले अस्पतालका कर्मचारी, बिद्यार्थी, चिकित्सक गरी ३ हजार भन्दा बढी ले मात्र नभई अस्पतालमा उपचारका लागी आउने बिरामी, उनका सहयोगी र वरपरका आम सर्बसाधारण र ब्यबसायीलाई पनि प्रतक्ष्य फाइदा पुग्ने बताए ।

सो क्रममा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रमेश राज अर्यालले यस अघि पनि अस्पताल परीसरमा बैंकले एटिएम मेशिन जडान गरी सेवा दिईरहेकोमा अस्पतालको आग्रहमा एक्सटेन्सन काउन्टरनै स्थापना गरी थप सेवा उपलब्ध गराएको बताए । दुई दशक अघि भैरहवामै केन्द्रिय कार्यालय स्थापना गरी बित्तिय कारोबार सुरू गरेको यस बैंकको सुरूवात देखिनै अस्पताल संग सहकार्य रही आएको समेत उन्ले जनाए । एक्सटेन्सन काउन्टरबाट बचत संकलन, चेक तथा ड्राफ्ट, रेमिटयान्स भुक्तानी, चेक क्लियरींगको काम समेत हुने भैरहवा शाखाका प्रबन्धक मेघनाथ पाण्डेले जनाए ।

# राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लि., सिद्धार्थनगर, भैरहवा

करीब डेढ दशक अघि रूपन्देहीमा रहेका निजामति कर्मचारीहरू मिलेर स्थापना गरेको राष्ट्रसेवक बहुउद्धेश्यि सहकारी संस्था लिमिटेड अहिले जिल्लाकै सफल सहकारीका रूपमा परिचित छ ।

तत्कालिन समयमा ४३ जना कर्मचारी मिलेर प्रत्येकले एक एक सय रूपैयाँ गरी ४३ सय रूपैयाँ शेयर पूँजीबाट २०५५ साल मंसिर १७ गतेबाट सुरू गरेको यो सहकारीको हालको शेयर पूँजी १ करोड १३ लाख ३४ हजार ७ सय रूपैयाँ पुगिसकेको छ । शेयर सदस्यहरूमा पुरूष ५४०,महिला २८७ र संस्थागत २ गरी जम्मा ८२९ रहेको सहकारीका निवर्तमान अध्यक्ष ओम बहादुर मल्ल बताउछन् ।

सर्वसुलभ रूपमा बचत तथा ऋण सेवा, छिटो छरितो सेवा प्रदान, प्रभाबकारी रूपमा ऋण असुली, आर्थिक मितव्ययिता र एकतामा जोड, सदस्य सुरक्षाको उपाय र सहकार्य, लगानीमा विविधता लगायत तथा संस्थाको मुख्य उद्धेश्य रहेको छ ।

गत असार मसानत सम्म सहकारीमा बचत ५ करोड १५ लाख ४५ हजार ९ सय १७ रूपैयाँ रहेको छ भने विभिन्न क्षेत्रमा ६ करोड

**हाम्रो सहकारी**

८० लाख ४४ हजार ९ सय ८७ रूपैयाँ कर्जा लगानी गरेको छ, भने अन्य लगानीमा १ लाख ९२ हजार ६ सय २६ रूपैयाँ रहेको छ । सो आर्थिक वर्षमा सहकारीले ९ लाख ५९ हजार ३५ रूपैयाँ नाफा कमाउन सफल भएको थियो ।

संस्थाले आफ्ना शेयरसदस्यहरूको मत्यु भएमा रू १० हजार र शेयर सदस्यका परिवारको (बढीमा दुई सदस्यको) मृत्यु भएमा रू ५ हजार का दरले राहत रकम प्रदान गर्दै आइरहेको छ ।

त्यस्तै गरी प्रत्येक शेयर सदस्यको रू १ लाख सम्मको दुर्घटना बिमा, शेयर सदस्यका छोराछोरीले एसएलसी परीक्षामा उत्कृष्ट भएबापत सम्मान एवं पुरस्कृत, वृद्धवृद्धा तथा बाल आश्रममा सहयोग, रक्तदान लगायतका विभिन्न सामाजिक कार्यक्रम, शेयर सदस्यहरूलाई प्रत्येक वर्ष अन्य सहकारी संघ संस्थाहरूको अवलोकन भ्रमण लगायतका विभिन्न कार्यक्रम गर्दै आएको सहकारीले कर्मचारीहरूलाई लेखापालन, लेखा सफटवेयर पल्सको तालिमका साथै सञ्चालक समिति, लेखा समिति, ऋण उप समिति समेतलाई आधारभूत लेखापालन प्रदान गर्दै संस्थाको प्रशासन तथा व्यवस्थापन पक्षलाई चुस्त एवं दुरूस्त पार्दै आएको छ ।

जिल्लामै उत्कृष्ट सहकारीका रूपमा सफल हुँदै आएको यो सहकारीको मुख्य कार्यालय भैरहवा र बुटवलमा शाखा कार्यालय रहेको छ ।




# सेयर बजार सच्चियो, नेप्से परिसूचक ८ अंकले घट्यो

*न्यूज ओके रिपोर्टर*

काठमाडौं ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सुचिकृत कम्पनीहरूले लाभांस घोषण गर्ने क्रम वढेको भएपनि त्यसको सकरात्मक प्रभाव दोस्रो बजार सूचकमा पर्न सकेन । यो साता नेपाल स्टक एक्सचेन्ज(नेप्से) परिसुचक करिब ८ अंकले घट्यो ।

सुचिकृत अधिकासं बाणीज्य बैंकहरूले गत आर्थिक वर्षको नाफावाट सेयरधनीलाई दिने लाभांस घोषणा गरीसकेका छन् भने बाँकी कम्पनीहरूले पनि एक पछि अर्को सार्वजनिक गर्ने क्रममा छन् । तर, त्यसको प्रभाव सेयर बजारमा पर्न सकेन । निरन्तर सुधारको गतीमा रहेको नेप्से परिसुचक यो साता समग्रमा घटेको छ । समान्यत: आर्थिक वर्षको पहिलो त्रैमासमा सेयर बजार वढ्ने सिजन मानिन्छ । पछिल्लो समयमा सेयर बजारको आएको सुधारपछि लगानी सूरू गरेका लगानीकर्ताले कम्पनीको प्रतिफल भन्दा पनि बजारको मार्जिनमार्फत आम्दानी गर्ने उद्देश्यले लगानी गरेको हुन सक्ने एक लगानीकर्ताले बताए । सेयर बजारमा लगानी गर्दा कम्पनीको प्रतिफललाई भन्दा बजारको उतारचढावलाई हेरेर लगानी गरेको हुनाले वढ्ने सिजनमा पनि नकरात्मक देखिएको हुनसक्ने उनले बताए ।



यो साताको पहिलो दिन आइतबार ६ अंकले घटेको नेप्से परिसूचक सोमबार करिब २ अंकले वढेको थियो । मंगलबार सार्वजनिक विदाका कारण नेप्सेमा कारोबार हुन सकेन । तर, बुधबार भने सेयर बजार परिसुचक करिब ४ अंकले घटेको छ । यो साता नेप्से परिसूचकमा गिरावट आएको भएपनि कारोबार रकम भने क्रमीक सुधारमा छ । यो साता नेप्सेमा ३ दिन मात्र कारोबार भएको छ । बिहीबार पनि सार्वजनिक विदाका कारण नेप्सेमा सेयर किनबेच हुदैन ।

यो साताको पहिलो दिन आइतबार कारोबार सुरू हुँदा १८२३.०५ अंकमा रहेको नेप्से परिसूचक ७.८८ अंकले घटेर बुधबारसम्ममा १८१५.१७ अंकमा झरेको छ । नेप्सेपरिसूचक संगै 'क' वर्गका कम्पनीको सेन्सेटीभ इन्डेक्स पनि घटेको छ ।

यो साताको गिरावतलाई समान्य सच्चीइको भन्ने लगानीकर्ता बद्री पौडेलले बजारको लगानी झिकीहाल्नु पर्ने अवस्था नरहेको बताए । दशैं नजिकीदै गर्दा लगानीकर्ताले सेयरलाइ नगदमा परिवर्तन गर्ने बताउदै लगानीकर्ता बाद्री पौडेलले भने,“लगानीकर्ताले चाडका लागि भनेर सेयर बिक्री गर्ने क्रम सुरू हुन थालेको हुन सक्छ ।” तर, दशैंलेनै सेयरबजार घट्नेमा भने उनी सहमत छैनन् ।

बैंक तथा वित्तीय संस्थाको बाहुल्यता रहेको सेयर बजारमा बैंकहरूको सेयर मूल्यमा गिरावट आएपछि समग्र बजार नै घट्छ । यो साता धेरै बैंक तथा वित्तीय संस्थाको सेयरमा लगानीगर्ने लगानीकर्ताले गुमाएका छन् । विमा तथा होटलका लगानीकर्ता केहि कमाए ।

यो साता नेप्से परिसूचकमा गिरावट आएपनि कारोबार रकम भने वढेको छ । यो साताका ३ दिनमा नेप्सेमा ३ अर्ब ३७ करोड रूपैयाँ बरावरको सेयर कारोबार भएको छ । यो साता नेप्सेमा हरेक दिन एक अर्ब भन्दा धेरैको सेयर कारोबार भएको छ ।

यो साता नेप्सेमा कारोबार हुने अन्तिम दिन बुधबार नेप्से परिसूचक साढे ३ अंकले घटेको छ । बुधबार कारोबार सूरू हुँदा समान्य वढेको नेप्से केहि समयमा नै घट्न थालेको थियो । घट्दो क्रममा देखिएको नेप्से कारोबार बन्द हुँदा सम्म कायम रह्यो । बुधबार नेप्सेमा नेपाल टेलिकम सहित बाणीज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरूको सेयर मूल्य घटेपछि समग्र बजार सूचक नकरात्मक भएको हो ।

बुधबार नेप्से परिसूचक ३.५२ अंकले घटेर १८१५.१७ अंकमा झरेको छ । नेप्सेसंगै सेन्सेटीभ इन्डेक्स पनि समान्य अंकले घटेको छ । तर, कारोबार रकम वढेको छ । बुधबार नेप्सेमा १४७ कम्पनीको ७ हजार १ सय ३२ कारोबारवाट एक अर्ब ३७ करोड ४४ लाख रूपैयाँ बरावरको १६ लाख ६४ हजार २ सय ८३ कित्ता सेयर किनबेच भएको छ ।



# Children, the base of country's future: President Bhandari

*News Ok Reporter*
Kathmandu.



President Bidya Devi Bhandari termed today's children as the 'base of country's future' with insistence on creating a suitable environment for them to get educated.

At a programme jointly organized by Ministry of Women, Children and Social Welfare Central Child Welfare Board on the occasion of National Children's Day-2073, President Bhandari laid stress on need for everyone's focus on suitable familial environment for children's education and good health.

"We have to invest in education and good health, everyone needs to focus on save children promotional programme for their physical and mental development," President Bhandari said.

Children are sources of multi talents and that they should be provided with special care and attention from before they are born while ensuring their access to education and health, she said.

Saying that children are still deprived of basic fundamental rights like that of health and education, she called for ending child trafficking and abuse and stopping the trend of meted out punishments to them in the name of discipline.

She also stressed the need for acknowledging past mistakes in the sector of child rights and implanting provisions of child rights in the constitution.

Likewise, Minister for Youth and Sports Daljit Sripaili, at the event, said the government would continue to focus on children's rights to education, health and their holistic development.

President of Women, Children, Social Welfare and Senior Citizens Committee Ranju Thakur said children are still being tortured in the name of discipline and it must be stopped. She was view of taking effective measures to fight against child and women trafficking.

Board chair Dilliram Giri said Board activities are completely focused on protecting and promoting child rights.Student Sewa Kumari Yadav drew the government attentions towards less access of girls to health, education and other state facilities. The Nepal's constitution has defined the child rights in its fundamental rights. Nepal is celebrating September 14 or Bhadau 29 in the Nepali calendar every year as the National Children's Day since 1990.

# PM Prachanda apprises House of his India visit

***Kathmandu.***

Prime Minister Pushpa Kamal Dahal Prachanda has said that his state visit to the southern neighbour India, beginning from tomorrow would be focused on improving mutual trust and confidence with a very good intention.

Delivering his statement of public importance regarding his India visit at the Legislature-Parliament meeting today, the PM expressed his confidence that his visit would be of help in further strengthening the relations existing between the two countries. PM Prachanda is, at an official invitation of his Indian counterpart Narendra Modi, embarking on a four-day official visit to there tomorrow.

The PM briefed the House that his visit to India would strengthen mutual trust and added that discussions would be held on developing economic and physical infrastructure projects. "Talks will be held on immediate launching of the first phase of construction works of the postal highway, the second phase construction and the implementation of Power Trade Agreement (PTA) and Pancheshwor Project's study report," he said. PM Prachanda added that immediate construction of the integrated check post at Bhairahawa and Biratnagar would take place along with the resumption of Birgunj check post. The PM informed the House that discussions and deliberations on the subject of concession would be held, cutting down Nepal's trade deficit and completion of the cross border railway service at the earliest

The problem of flooding at Nepal-India border areas will be broached for serious discussion while an amendment related agreement paper will be exchanged for making the past agreement for using Bishakhapatanam border point suitable for contemporary situation, it is said. PM Prachanda informed the meeting about the programmes of his India visit and about the members to be included in his delegation. In the previous meetings, lawmakers urged the PM not to sign any deal going against the interests of the nation during his visit to the southern neighbour and to openly speak about the unequal Nepal-India treaties with his counterpart. Prime Minister Prachanda is leaving for a four-day state visit to India at the invitation of Indian PM Narendra Modi tomorrow.

During his visit, PM Prachanda will be lodged at the Presidential Palace as the State Guest of Indian President Pranab Mukherjee in New Delhi. PM Prachanda is scheduled to hold a formal meeting with his Indian counterpart Modi on Friday. On the same day, he will hold a meeting with Indian President Mukherjee and attend a welcome reception to take place at the Presidential Palace. On Friday morning, PM Prachanda will pay tribute to the Mahatma Gandhi Memorial at Raj Ghat.

The Nepali PM will also take part at a welcome reception to be organized at Nepali Embassy in New Delhi on Thursday. During his stay in Delhi, he will hold separate talks with senior ministers of the Indian government and also interact with intellectual and business community and the Nepali diaspora. PM Prachanda's visit is expected to contribute towards consolidating the age old and supportive friendship between the two countries.

In a statement of public importance at the Legislature Parliament today, PM Dahal said his priority would be to build trust between Nepal and India with a good intention rather than raising many subjects and to lay stress on effective and immediate implementation of the past agreements in Nepal's interest.

***Prioritisation of agreements and talks***

During the bilateral talks to be held on the sidelines of the state visit, discussions will touch on immediate first phase commencement of the construction works of a postal highway as part of the understanding reached between Nepal and India earlier and avenues of further support in the second phase. Efforts will be undertaken for effective implementation of the Power Trade Agreement (PTA) reached earlier in connection to the support in the energy sector and quick approval of the Pancheshwor Multi-purpose Project's extensive project report which in turn would lead up to the prioritization of the start of other works, PM Prachanda said.

The issues relating to India's assistance in the post-quake reconstruction drive, immediate construction of an integrated check post in Birgunj, commencement of the construction of check posts in Bhairahawa and Nepalgunj as well and utilisation of soft loan announced by India for Nepal in the infrastructure development sector will be discussed during the PM's India visit.

***Exchange of letters***

Exchange of the Memorandums of Understanding (MoU) regarding cooperation between Nepal Quality Control and Measurement Department and the Bureau of Indian Standards, transport of bulk cargo into Nepal's border via Indian territory and amendment to the existing Rail-Service Agreement between Nepal and India in order to operate the railway service to Nepal's border from Bisakhapattanam Port is likely to take place during the visit if both parties complete the process for internal decisions regarding these issues on time. There will be discussions and agreement on the proposal being presented by Nepal and the proposal to be presented by India with the utmost attention towards the interests of the nation, the PM said.

# Accessories for men

## Fashion and Style



Accessorising one's look is not just women's thing! Fashion-conscious men are taking note of how a simple accessory like a bracelet or even a pocket square can add a dash of style. Here are some tips:

***Bracelets:***

Whether you are a fan of men's jewellery or not, an understated bracelet can add a touch of personality to any outfit. With a perfect wrist game, you can bring a sense of style to your outfit. Try beaded bracelets with charms/metal motifs, leather bracelets with a rugged finish and threaded macrame bracelets.

***Socks:***

Socks play an important role in giving that extra edge to the attire. It's a small factor that can be noticed in a big way. Graphic socks, patterned (argyle, paisley, et cetera), loud solid colours, contrasting colours, geometric shapes… these will surely help you refine your playfulness with your attire. Another trend that has really helped men add more style to their shoes is the no-show socks. These keep your feet comfortable and shoes stink-free, and let you wear loafers and slip-ons with your socks hidden away.

***Neck chains:***

Loud metal motifs around your neck which make a bold style statement, can change the look of your casual tee-shirt.

***Pocket squares:***

Again an accent accessory to that perfect suit. Go for prints, solid colours and floral. It plays an important role in bringing a dapper to your classic suit.

***Statement sunglasses:***

Summer wouldn't be summer without a pair of sunglasses in your arsenal. And if you're looking for an easy way to inject some life into your style, try a pair of statement frames.

***Aviators and wayfarers are outdated:***

Today people are wearing bold and colourful mirror glasses. Rounds and flats (John Lennon ones) are in trend for a hipster look. And black and gold combination keeps it classy and rich.

# Sujana becomes Nepal's 1st woman FIDE Master



Sujana Lohani has become the first Nepali woman chess player to be awarded with the title of FIDE Master after registering victory in the ongoing 42th Chess Olympiad in Baku, Azerbaijan on Tuesday.

Sujana, who is rated 1488, defeated Manyeli Mahlauli of Lesotho to collect six points required from eight boards during the 10th round. She did not play the first and second rounds. Sujana, who has won six matches and drawn two, will now face Jacobs Annelaine in the last round.

In other matches of the women's section, Sindira Joshi became victorious while Monalisa Khamboo settled for a draw. Sindira overcame 1406-rated Leboela Maboloko. Simlarly, 1693-rated Shanta Thapa lost to Manyeli Mahlauli.

With two victories from four matches on Tuesday, Nepali women's team collected 2.5 points to beat Lesotho, which collected 1.5 points in the 10th round.

New FIDE Master Sujana is the product of Greenland School. She trained under chess coach Manish Hamal, who had won the FIDE Master title eight years ago during the Parsvnath International Chess Tournament.

Likewise Nepal lost to Chinese Taipei 3-1 in the men's section. Kshitiz Bhandari and Sajin Maharjan drew their respective matches while Keshav Shrestha and Bhupendra Niraula faced defeats. Kshitiz, who is rated 2013, played a draw with 1842-rated Min Po-Yen. Similarly, 2034-rated Sajin was held to a draw by 1997-rated Yang Ching Wei. In other matches, 2099-rated Keshav lost to 2170-rated Raymond Song while 2071-rated Bhupendra was beaten by 2009-rated Liu Yeh Yang. In the 11th round, Nepal will face Iraq and Aruba in men's and women's sections respectively.

# Industrial sector development through collaboration with private sector: Joshi

Minister for Industry Nabindra Raj Joshi today (Wednesday) said the development of the industrial sector would take place only through collaboration with the private sector.

At an interaction on 'Achievement Review and Programme Implementation Strategy Formulation' organized by Cottage and Small Industries Development Board here, Minister Joshi added that industrial sector's development was possible through motivation of small industries in the villages.

Minister Joshi held that the prime challenge faced by the Industry Ministry was to make it industry oriented and pledged Ministry's readiness to resolve the problems of entrepreneurs. "The employees are equally responsible as the minister in regards out duties at the ministry, so we should all be serious towards our work and develop the industrial sector," he said.

Minister Joshi, who is also the Nepali Congress central member, said he joined politics to serve the people and appealing to the employees to not create trouble for the people.

Industry Ministry's Secretary Shanker Prasad Koirala said the industrial sector would develop only if the small industries were protected and by luring foreign investment.

The Board is a medium to upgrade the living standards of the poor people and called for spreading it to all the rural settlements.

Federation of Nepalese Chamber of Commerce and Industry (FNCCI) Vice President Kishor Pradhan said industrialization of agricultural sector could stoke the development of the industrial sector. He urged the Ministry to take in suggestion from the private sector when the government prepares industry policy.

Board Executive Director Nabin Kumar Jha spoke of the Board activities spread in 48 mountainous and hilly districts. The Board is playing an important role in promoting small industries.

# Bhutanese refugees asked to decide on repatriation

***Bhairahawa.***

United Nations High Commissioner for Refugees Nepal Representative Kevin J Allen has asked the Bhutanese refugees residing in Nepal to make up their mind whether to stay in Nepal or return to Bhutan.

Speaking to journalists at the UNHCR office in Damak, Jhapa, today, Allen said the refugees will be consulted about their choice once third country resettlement concludes by the end of 2016.

"The remaining refugees will be asked to choose one of the options, but that will happen only after the resettlement programme concludes by the last of this year," he said, adding UNHCR will initiate talks with Nepal and Bhutan governments after that.

According to data, over 105,000 Bhutanese refugees have reached foreign countries including America, Canada and Australia to settle permanently under the programme.

With many of the refugees opting for third country resettlement, there are just about 10,000 persons, mostly elderly and those who have been in matrimonial relationship with Nepalis in the refugee camps now, if the estimate of the UNHCR is anything to go by.

"Ours isn't the policy to compel refugees to select one of the options; rather it should be taken as a chance to choose one of the options available," said Allen.





बर्गीकृत विज्ञापन
Classified Display

आकर्षक जग्गा विक्रीमा

गौतमबुद्ध विमानस्थल अगाडि सडकबाट उत्तरतर्फ आकर्षक जग्गा विक्रीमा । १ सय १० फिट सडक मोहडा भएको ५ कठ्ठा १० धुर जग्गा विक्रीमा छ ।

होटल, व्यवसायिक भवनका लागि बहुउपयोगी जग्गा




सिधा सम्पर्क नं. : ९८५७०२२३५५

वर्गीकृत विज्ञापन दररेट
प्रति स्पट : (मु.अ.क. कर बाहेक)
रू. ५००।-
न्यूज ओके साप्ताहिक
सिद्धार्थनगर, देवकोटाचोक, भैरहवा, मो. ९८५७०६२३५२



रु.जि.प्र.का.द.नं. १६६/०७२/०७३

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# चर्चामा “आइफोन सेभेन”

पछिल्लो समय लोकप्रिय बन्दै गएको मोबाइल उत्पादक कम्पनी एप्पलले आइफोन सेभेन र आइफोन सेभेन प्लस सार्वजनिक गरेको छ । आइफोनको नयाँ उत्पादन सार्वजनिक भएसँगै ग्याजेटप्रेमीहरू माझ जताततै यस्को तत्र चर्चा हुन थालेको छ ।

मोबाइल फोनको संसारमा प्रयोग भएका नँया प्रविधिका कारण नै आइफोन सेभेनको चर्चा शिखरमा पुगेको हो ।

**के-के छन विशेषताहरू ?**

अघिल्लो बुधबार अमेरिकाको क्यालिफोर्नियामा एक भव्य समारोहबिच आइफोन सेभेन र आइफोन सेभेन प्लस सार्वजनिक भएको थियो ।



सार्बजनिक भए पनि एप्पलका नँया आईफोनहरू १६ सेप्टेम्बरबाट मात्र बजारमा उपलब्ध गराउने जनाएपछी थप चासो र चर्चा बढेर गएको हो ।

**उच्च गुणस्तरको स्क्रिनको विकास**

२ फरक आकारमा ल्याइएको फोनहरूमा आइफोन सेभेनको स्क्रिन ४.७ इन्चको रहेको छ भने आइफोन सेभेन प्लसको स्क्रिन ५.५ इन्चको रहेको छ । आइफोन सेभेनमा रहेको ४.७ इन्चको स्क्रिन एलइडि ब्याकलिट आइपिएस एलसिडियुक्त हो भने सेभेन प्लसमा रहेको ५.५ इन्चको स्क्रिनमा एलइडि ब्याकलिट आइपिएस एलसिडि फुल एचडि डिस्प्ले समेत भएकाले आइफोनका प्रयोगकर्ताले उच्च गुणस्तरको भिडियो हेर्न सक्ने छन् ।

**धुलो र पानीबाट छुटकारा**

जेट ब्याक, ब्याक, सिल्भर, गोल्डेन र रोज गोल्डेन गरी विभिन्न पाँच रंगमा उपलब्ध आइफोनको अर्को विशेषता भनेको वाटर प्रुफ तथा डष्ट प्रुफ हुनु हो । एप्पलका पछिल्ला उत्पादनमा प्रयोगकर्ताले पानी र धुलोको कुनै असर नपर्ने अनुभव लिन पाउँनेछन् । एप्पलले सेभेन सिरिजका आइफोन ३० मिनेटसम्म पानीमा राख्दा पनि आईफोनमा कुनै असर नपर्ने दाबी गरेको छ । यद्यपी कति गहिराईमा राख्ने भन्ने यकिन नभए पनि मोबाइल प्रयोग गरे पछि मात्र कम्पनीको दाबी सत्य हो वा हैन भन्ने प्रयोग पछी मात्र थाहा हुनेछ ।

**अदभुत क्यामरा**

मोबाइल फोनमा प्रयोग हुने क्यामराको सुविधाले पछिल्ला दिनमा सामान्य प्रकारको क्यामराको व्यवशाय नै बिस्थापित जस्तै भएको अबस्थामा आईफोन सेभेनले विशेष किसिमको क्यामराको विकास गरिएको बताएको छ । साउण्ड, ग्राफिक्स, फोटोग्राफी लगायतका आधुनिक फिचरका कारण नै मोबाइलको चर्चा चुलिएको हो ।

कम्पनिका अनुसार आइफोन सेभेन र सेभेन प्लसको मुख्य आर्कषण नै क्यामरा हो । एप्पलका पहिलेका उत्पादनको तुलनामा यी मोबाइलले ६० प्रतिशित छिटो फोटो खिच्ने दाबी कम्पनीको छ । आइफोन सेभेनमा प्रयोग गरिएको अप्टिकल स्टेबलाइजरले पनि प्रयोगकर्तालाई नयाँ अनुभव बटुल्ने मौका दिनेछ । फोर के भिडियो खिच्न सक्ने मोबाइलको रूपमा आईफोन सेभेन रहेको एप्पलले जनाएको छ ।

आइफोन सेभेनमा सिगंल लेन्सको प्रयोग गरिएको छ भने आइफोन सेभेन प्लसमा वाइट एङगल र टेलिफोटो गरी दुई वटा लेन्सको प्रयोग गरिएको छ ।

जसमा प्रयोग भएका लेन्सहरू २८ एमएम वाइड एंगल र ५६ एमएम टेलिफोटो लेन्स रहेका छन् । दुवै मोबाइलमा राखिएका क्यामराहरू रियर १२ मेगा पिक्सेल र फ्रण्ट ७ मेगा पिक्सेलका रहेका छन् । नयाँ फिचरको सहयोगमा आइफोन सेभेनका प्रयोगकर्ताले फोटोग्राफीमा पनि बेग्लै किसिमको मज्जा लिन सकिने एप्पलले दाबी गरेको छ । थोरै उज्यालेमा पनि मोबाइलले गुणस्तरीय फोटो खिच्न सक्ने क्षमता राख्छ ।

**ब्याट्री क्षमतामा सुधार**

एप्पलले आइफोन सेभेन र आइफोन सेभेन प्लसको ब्याट्री क्षमता अघिल्ला संस्करणको तुलनामा निकै प्रभावकारी बनाएको दाबी गरेको छ । आइफोन सेभेनको ब्याट्री आइफोन सिक्सको तुलनामा दुई घण्टा बढी टिक्नेछ भने आइफोन सेभेन प्लसको ब्याट्री आइफोन सिक्स प्लसको तुलनामा एक घण्टा बढी टिक्नेछ ।

**साउण्ड प्रणालीमा नयाँ छलांग**

मेबाइल फोनहरूमा प्रयोग भएका स्पीकर तथा साउण्ड प्रणालीमा व्यापक परिमार्जन गरी उच्च गुणस्तरको साउण्ड सुन्न सक्ने मोबाइलको विकास भएको एप्पलले दाबी गरेको छ । स्टेरियो टाइप स्पिकर जडान गरिएको मोबाइलमा ६४ विट फोर कोर सिपियु सहित ए १० फ्युजन चिप रहेको छ । जसकि कारण अहिलेका मोबाइलमा सुनिने साउण्डको तुलनामा आइफोन सेभेनका प्रयोगकर्ताले बेग्लै अनुभव बटुल्ने एप्पलले भनेको छ । साथै मोबाइल फोनमा नयाँ प्रयोग गर्दै एप्पलले इयर फोन जडान गर्ने पोर्ट बिस्थापित गरेको छ ।

अहिले प्रचलनमा रहेको ३५ एमएमको हेडफोन तथा इयरफोन ज्याक पोर्ट बिस्थापित गरेको एप्पलले आइफोन सेभेनमा वायरलेस इयरफोनको विकास गरेको छ । जसको सहयोगमा यसका प्रयोगकर्ताले तार जाडेर पार्टमा देखिने समस्याको सामना गर्नु पर्ने छैन । यसले सामान्य हेडफोनको प्रयोग भने गर्न नसकिने भएपनि मोबाइलमा आउने हेडफोनबाट भने तार जोड्ने कामबाट छुटकारा पाउने छन् ।

**सबैभन्दा धेरै स्टोरेज भएको मोबाइल**

एप्पलले क्रमिक रूपमा आफ्ना उत्पादनमा स्टोरेज क्षमता धेरै बनाउँदै लगेको छ । आइफोनमा प्रयोग हुने एप्सको साइज धेरै हुन थाले पछि उसले आइफोन सेभेन सिरिजका मोबाइलमा १६ जिबीको स्टोरेजलाई फेज आउज गरी ३२ जिबीमा पुर्याएको छ । यसको मतलब यो हो की आइफोन सेभेनका प्रयोगकर्ताले ३२ जिबी भन्दा माथिको स्टोरेज भएका आइफोन मात्र प्रयोग गर्न पाउने छन् । यस अघि १ सय २८ जिबी स्टोरेजसम्मका आइफोन रहेकोमा आइफोन सेभेनको स्टोरेज क्षमता २ सय ५६ जिबी रहेको छ भने ३२ जिबीदेखि माथि २ सय ५६ जिबीसम्म स्टोरेज क्षमता भएका आईफोन प्रयोग गर्न पाउनु प्रयोगकर्ताका लागि नौलो अनुभव हुनेछ ।

**मूल्य कति ?**

एप्पलले आइफोन सेभेनको मूल्य ६ सय ४९ अमेरिकी डलरदेखि सुरू हुने बताएको छ । सेभेनको तुलामा धेरै फिचरहरू रहेको आइफोन सभेने प्लसको मुल्य भने ७ सय ६९ डलरदेखि सुरू हुनेछ । यहि आधार मूल्यलाई आधार बनाएर छिटै नेपाली बजारमा पनि आइफोन सेभेन उपलब्ध हुनेछन् ।

## पंक्षी टिप्स

गर्मी मौसिममा कुखुराको भालेको प्रजनन् क्षमतामा कमी आउने हुनाले ब्रिडिङ्ग स्टकमा भालेको संख्या बढाएर १२-१५ प्रतिशतसम्म राख्नु पर्दछ । साथै दानामा भिटामीन-ई तथा सेलेनियमको मात्रा बढाउनु उपयुक्त हुन्छ ।

# लायन विपिन र प्रेमको वास्तबिक मानवसेवा

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

पर्यटकिय क्षेत्र लुम्बिनीमा बौद्ध धर्मावलम्बिहरूले जोखिमपूर्ण भ्रमण गर्न बाध्य रहेको नमुना देखिएको छ ।

गत भदौ २५ गते शनिबार मायादेवि मन्दिरको प्रवेशद्धार नजिकै एक श्रीलंकन पर्यटकले बाटोमा ज्यान बचाउन गुहार मागिरहेको पिडादायक दृश्य देखियो ।

उनले हारगुहार माग्दा पनि त्यहा कसैले उन्को पिडा सुनेन् । लुम्बिनी विकास कोषको अजिम्मेवारी फितलो व्यवस्थापनको बारेमा एक अर्को उदाहरण उनि पर्यटक भएको प्रस्ट बुझ्न सकिन्थ्यो ।

## बिरामी श्रीलंकन पर्यटकलाई काँधको सहारामा मायादेवी दर्शन गराए



मृगौलाको डाइलोशिस गर्दै गरेका ति पर्यटक मधुमेह रोगबाट समेत पिडित थिए । आफ्नो जीबनकालमा एक पटक बुद्ध जन्मस्थली लुम्बिनी जानै पर्छ भन्ने उन्को मान्यता थियो । रोगले थलिएका उनि कतिबेला जीवनको अन्तिम समय आउने हो र बुद्धजन्मस्थल लुम्बिनीमा आउन नपाई मरीने हो भन्ने चिन्ताका बिच लुम्बिनी जाने उन्ले निर्णय गरे ।

उनि आफनो अन्तिम इच्छा पुरा गर्न जीवनको अन्तिम समयमा लुम्बिनी आए । श्रीलंका सरकारका कर्मचारी इन्जिनियर ५५ वर्षिय तिलक भिजेवर्डनीको भगवान गौतमबुद्धको जन्मस्थल दर्शन गर्ने मनोकांक्षा पुरा हुँदैन, कि भन्ने थियो । सुगरले समेत थलिएका उनी त्यहा लडदा अब बाचिदैन भनिसकेका थिए । तर दैब संयोग भनौ लडदै गरेका उन्लाई त्यहा पुगेका दुई युबाहरूले उठाएर आफ्नो काधको सहारा दिदै मायादेबि मन्दिरको दर्शन गराए ।

मायादेबि मन्दिर प्रबेशद्धारमा पैदल यात्रा गर्न नसक्ने बताउँदै व्हील चेयरको माग गरेको तर व्यवस्थापन हुन नसके पछि ति पर्यटक पैदल यात्रा गर्न बाध्य भएको दुखेसो पोखे । पैदल यात्रा गर्दा गर्दै नसकेपछि मायादेवि मन्दिरको प्रवेश गर्ने द्वार नजिकै पल्टिएर उनि वडवडाइरहेको दृश्य दु:खद् देखिन्थ्यो ।

लुम्बिनी विकास काषले पर्यटकलाई सुविधा दिन जिम्मेवार निर्वाह गर्न सकेका छैनन्, लापरबाही छ । पटक पटक अवाज उठाए पनि कोषले सुन्दैन, बिरामी मात्र नभएर आस्था राख्ने अशक्त अपाङ्ग वृद्धवृद्धा जो सुकैलाई पनि मायादेवि मन्दिरको सहज रूपमा दर्शन गर्ने सुविधा व्यवस्थापन हुनुपर्नेमा नभएको लुम्बिनी होटल तथा रेष्टुरेण्ट व्यवसायी संघका अध्यक्ष मिथुन मान श्रेष्ठले बताए ।

सवारी साधनको मनपरी शुल्कले यात्रु पैदल जान बाध्य छन् । पर्यटकलाई कष्ट छ । यसमा सम्बन्धित निकायको कडाइ निगरानिको खाँचो सबैले महशुस गरेका छौ,तर सबै लाचार छन् श्रेष्ठ भन्छन् । लुम्बिनी विकास कोषका सुचना अधिकृत हरिध्वज राई भाषाका कारणले पनि अप्ठेरो पर्न सक्ने बताउछन् । व्हील चेयरको व्यवस्था भएको छ, तर किन उपलब्ध हुन सकेन थाहा नभएको उन्ले बताए । विदामा रहेका राई भन्छन् कमजोरी हुन सक्छन् ,अस्वीकार गर्न सकिदैन्, उनले भने ।

एकातर्फ लुम्बिनी विकास कोषको लापरबाही र अर्को तर्फ आफन्तले नै छोडेर गएपछि ति श्रीलंका यात्रु जीवनको अन्तिम क्षण सम्झिरहेको बताउँछन् ।

मायादेविको कोखमा मायादेवि मन्दिरको दर्शन विना नै जीवन जाने भयो, भन्ने सोचेका ति श्रद्धालुको अन्तिम इच्छा पुरा गराउने २ यूवाहरू भैरहवाका विपिन रेग्मी र प्रेम सागर अग्रहरि हुन् ।

व्हील चेयर नभएपछि श्रद्धालुको इच्छा वमोजिम युवाहरूले हातमै बोकेर मायादेवि मन्दिर घुमाइदिए । दर्शन पछि नयाँ जीवन पाएको बताए ति श्रीलंका पर्यटकले । लायन्स क्लव अफ सिद्धार्थनगर प्रोफेशनलका ति युवाहरूले हामी सेवा गर्छौ भन्ने नारालाई वास्तवमै व्यवहारमा उतारेका छन्, भियतनामी बिहारका गुरू डा.ल्हामले उनिहरूको प्रशंसा गर्दै भने, बुद्ध दर्शनले पनि यही भन्छ दुखमा परेकालाई सहयोग गर्नु,डा. ल्हामले भने ।

भियतनाम बौद्ध विहारमा एक कार्यकममा सहभागि हुन गएका प्रोफेशनलका लाइनहरूले जिम्मेवारी निर्वाह गरेका छन्, भने लुम्बिनी विकास काषको आम्दानीबाट रमाइरहेकाहरू सम्बन्धितको अजिम्मेवारीले वास्तवमै लुम्बिनीमा आउने पर्यटकको सेवा सुबिधा माथिनै प्रश्न चिन्ह खडा गरेकोछ । अतिथी देबो भव: बाक्य लाई हामीले कहीले हो बुझ्ने ।

# रहेनन “गोरेटो अनि उस्तै छ गल्ली’ का गायक



चर्चित गायक तथा संगीतकार सुनील बर्देवाको ४४ बर्षको उमेरमा निधन भएको छ ।

मंगलबार साँझ गायक बर्देवालाई उपचारको लागि शिक्षण अस्पतालको आकस्मिक कक्षमा पुर्याए लगत्तै चिकित्सकहरूले मृत घोषित गरेका थिए ।

बर्देवा बर्देवा जण्डिस ( कमलपित्त) बाट ग्रसित रहेका थिए । बर्देवाका ‘जव म’, ‘मेरो गिटार’ र ‘बेस्ट अफ सुनिल बर्देवा’ नामक एल्बम सार्वजनिक छन् ।

नारायगढस्थित मामाघरमा बसेर अध्ययन गरिरहेका उनका दुई छोरी र एक छोरा उनलाई अन्त्येष्टि दिन बुधबार राजधानी आएका छन्। आर्यघाटमा नाबालक छोराले पार्थिव शरीरमा दागबत्ती दिएका छन् । बर्देवाकी पत्नीले आत्महत्या गरेपछि उनी विक्षिप्त बनेका थिए ।

बर्देवाले ‘जव म निद्रामा’, ‘म पर्खि बस्छु’, ‘यो साँझ यो रात’, ‘भन तिमीले दिएको’, ‘जस्तै तिमीले’, ‘आज भोलि’, ‘प्रियसी’, ‘मन परेको मायालुलाई’, ‘गोरेटो’ लगायत गीतहरूमा स्वर दिइसकेका छन्। झण्डै २० वर्षदेखि निरन्तर नेपाली संगीतमा सक्रिय गायक वर्देवा नयाँ एल्बमको तयारमा जुटेका थिए ।







पोर्ट मिडिया प्रा.लि.द्वारा प्रकाशित न्यूज ओके राष्ट्रिय साप्ताहिकका लागि अध्यक्षः **बिमल सेञ्चुरी**, सम्पादकः **मनोरञ्जन शर्मा**, प्रधान कार्यालयः सिद्धार्थनगर नगरपालिका-१३, देवकोटा चोक, भैरहवा, फोनः ९८५७०६२३५२, इमेलः newsok52@gmail.com, URL: www.newsok.com.np